# तेस्रो अध्याय

# किरात राई परिचय : उत्पत्ति, निवास र सामाजिक सम्बन्ध

यस अध्यायमा पूर्वी नेपालको किरात राई समुदायको परिचय दिनुपूर्व तिनको बसोबास, भूगोल तथा इतिहासबारे संक्षिप्त रुपमा बुझ्नु सान्दर्भिक ठानिएको छ । यसबाट किरात राईअन्तरगत साम्पाङ राई समुदायको जीवनपद्धति के कस्ता भौगोलिक र सामाजिक अवस्थामा सञ्चालित हुँदै आएको छ भन्ने यथार्थ जानकारी प्राप्त हुने आशा गरिएको छ ।

## ३.१ अध्ययन क्षेत्रको भौगोलिक परिचय

नेपालको प्राचीन जाति भनिएको किरात समुदाय, यसअन्तरगत राईसमुदायका विभिन्न जातिहरुको बसोबास पूर्वी नेपालको पहाडी क्षेत्र मानिएको छ । यद्यपि किरातलाई विभिन्न जातजाति, जनजाति, जातीय समूहको साझा नामले बुझ्नेहरु पनि छन् । उनीहरुको सभ्यता, संस्कृतिको निर्माणमा भौगोलिक अवस्थाको भूमिका कस्तो छ र साम्पाङ राईहरुको जीवनपद्धति कसरी सञ्चालित हुँदै आएको छ भन्ने बारेमा पनि यस अध्ययनबाट जानकारी प्राप्त हुने छ ।

भौगोलिक रुपमा मध्यएसियामा रहेको नेपाल पूर्वीय देशान्तरमा ७८ डिग्रीदेखि ८६ डिग्रीसम्म फैलिएको छ । यसको दक्षिण-पूर्वको छेउले २६.२५ डिग्री उत्तरी अक्षांशलाई छुन्छ र उत्तर-पश्चिमको छेउ ३० डिग्री अक्षांशमा अवस्थित छ ।[१] अध्ययन क्षेत्र नेपालको पूर्वी पहाडी जिल्ला खोटाङ १६ डिग्री ५० मि. उत्तरदेखि २७ डिग्री २८ मि. उत्तर अक्षांशसम्म र ८६ डिग्री २६ मि. पूर्वदेखि ८६ डिग्री ५९ मि. पूर्व देशान्तरको बीचमा अवस्थित छ ।[२] पूर्वाञ्चलको कुल क्षेत्रफल २८,२०२ वर्ग किलोमिटरमध्ये यो जिल्लाको क्षेत्रफल ४.४८ प्रतिशत (१,२६५ वर्ग किलोमिटर) रहेको छ । यस जिल्लाको पूर्वमा भोजपुर, पश्चिममा ओखलढुङ्गा, उत्तरमा सोलुखुम्बु र दक्षिणमा उदयपुर जिल्ला रहेका छन् ।

---

[१]. सिल्भाँ लेभी, **नेपाल हिन्दु अधिराज्यको इतिहास**, डिल्लीराज उप्रेती (अनुवादक), (ललितपुर : हिमाल किताब), वि.सं. २०६२, पृ. २७ ।

[२]. सूचना विभाग, **मेचीदेखि महाकाली, भाग १,** (काठमाडौं : संचार मंत्रालय सूचना विभाग), वि.सं. २०३१, पृ. ६५७ ।

यहाँको बहुसङ्ख्यक भाग कोशी नदीको जलाधार क्षेत्रमा पर्दछ । यो नदी पूर्वाञ्चल क्षेत्रको विभिन्न भागहरु हुँदै सुनसरी मोरङ जिल्लाबाट भारतीय भूमिमा प्रवेश गर्दछ । कोशी नदी सप्तकोशीअन्तरगतका मुख्य सातवटा नदीहरु १. दूधकोशी, २. सुनकोशी, ३. अरुण, ४. बरुण, ५. तमोर, ६. तामाकोशी र ७. इन्द्रावतीको सामूहिक नाम हो । यसका अतिरिक्त यो क्षेत्रमा बग्ने नदीहरुमा मेची नदी, त्रिजुगा, रतुवा, माइखोला आदि छन् । खास गरेर खोटाङ जिल्लाको जनजीवनमा प्रभाव पार्ने नदीहरु दूधकोशी, सुनकोशी, लिखुखोला, रावाखोला, तापखोला, साप्सुखोला, सावाखोला, दिखुवाखोलाहरु पर्दछन् ।

नेपालको अन्य क्षेत्रको तुलनामा पूर्वी नेपालमा वर्षा बढी हुने मानिन्छ । यस क्षेत्रमा मनसुन वर्षा बढी हुने गर्दछ । खास गरेर बङ्गालको खाडीबाट उठ्ने वायुको कारणले यहाँ वर्षा गराउँदछ । पूर्वी नेपालमा असार, साउन, भाद्र र आश्विन महिनामा बढी वर्षा हुन्छ । पश्चिमी वायुको कारणले हिउँदमा हुने वर्षा यहाँ अपेक्षाकृत कम हुन्छ । यहाँको हावापानी मनसुनी प्रकारको नै मानिन्छ । तर, यहाँ शितोष्ण मनसुनी र लेकाली हावापानी पनि छ । यस भेगको हावापानीको प्रकृतिअनुसार यहाँ विभिन्न प्रकारको माटो, वन्यजन्तु र वनस्पतिहरु रहेको पाइन्छ ।

हाल ७६ वटा गाविसहरु रहेको खोटाङ जिल्लामा लेकबेँसीमा पाइने प्रायः सबैखाले वनस्पतिहरु पाइन्छन् । लेकतिर लालीगुराँस, गोब्रेसल्ला, चाँप जस्ता ठूला रुखहरु पाइन्छ भने केही तल कटुस, पैयुँ, उत्तिसलगायतका रुखहरु पाइन्छ । जङ्गली जनावरहरुमा थार, घोरल, मृग, भालु, स्याल आदि पाइन्छ भने लेकतिर डाँफे, मुनाल, कालिज, लुइँचे, ढुकुर, मैना, तित्रा, च्याखुरा, हलेसो जस्ता पंक्षीहरु पाइन्छन् । जम्मा १,२६५ वर्ग किलोमिटर क्षेत्रफल ओगटेको यस जिल्लामा विभिन्न जातजातिका मानिसहरुको बसोबास रहेको छ । जसमा राई, लिम्बू, तामाङ, ठकुरी, घर्ती, नेवार, बाहुन, क्षेत्री, शेर्पा, माझीदेखि दमाई, कामी, सार्की, सन्यासीलगायतका व्यवसायिक समूहहरु पनि रहेका छन् । तर, सबैभन्दा बढी जनसङ्ख्या भने राईहरुको रहेको छ । यिनै राई समुदायभित्र पर्ने साम्पाङ राईहरुले आफ्नो मूलथलो मान्ने गरेको र यिनीहरुको अधिक बसोबास वासपानी, खार्तम्छा, फेदी र पाथेका गाविसहरुमा रहेको छ । लगभग १२०२ देखि ३२०६ मिटरसम्मको उचाइमा रहेको यस क्षेत्रमा लेकाली, पहाडी र बेँसी तथा टार जस्ता भौगोलिक बनावट रहेकाले हावापानी पनि सोही प्रकारको पाइन्छ । उत्तरी भेगमा धेरै चिसो अर्थात् जाडो महिना पौष-माघतिर

तापक्रम -० डिग्रीसम्म पुग्ने र दक्षिणतिरका रावाखोला र तापखोलाका बेँसीहरुमा वर्षायाममा २८-३० डिग्री तापक्रम पुग्ने अनुमान गरिएको छ । फेदी गाविसको उत्तर-पूर्वी खण्डमा सोद्धखानी नामको फलामखानी भएको कुरा स्थानीय स्रोतबाट जानकारी पाइन्छ । विगतमा ती खानीबाट फलाम निकाली हातहतियार र घरेलु सामग्री उत्पादन गरिए पनि हाल बन्द भएको स्थानीयहरु बताउँछन् ।

खोटाङ जिल्लामा विभिन्न जातिका राई र साम्पाङ राईहरु भौगोलिक बनावटको आधारमा स्थापित भएका छन् । यिनको इतिहास, संस्कृति, सभ्यता, संरचना पनि भूगोलबाट प्रभावित भएका छन् । किरात राईहरुको मूलथलोबारे विभिन्न धारणा भए तापनि यो जाति पूर्वी नेपालको आदिम जातिको रुपमा स्विकारिएको छ । साम्पाङ राई र राई समुदायका अन्य जातिहरु सबैका आ-आफ्नै परम्परागत मूल्यमान्यता, भाषा, संस्कृतिका बनावटहरु छन् ।

नेपाललाई भौगोलिक र ऐतिहासिक रुपमा तीन खण्डमा बाँडिएको पाइन्छ । जसमा कोशी, गण्डकी र कर्णाली प्रदेश रहेका छन् । यस विभाजनअनुसार कोशी प्रदेशमा मेची, कोशी र सगरमाथा अञ्चल पर्दछन् । यसबाहेक हालको भारतीय भूमि दार्जिलिङ तथा सिक्किमका केही भागहरु पनि इतिहासकालमा यसै प्रदेशअन्तर्गत नै रहेको बुझिन्छ । यस क्षेत्रमा बसोबास गर्ने किरात राईहरु नेपालबाहिर भारतका पूर्वी क्षेत्रमा पर्ने सिक्किम, दार्जिलिङ, कालिङपोङ, आसाम र भुटानमा समेत रहेको पाइन्छ । त्यहाँ बसोबास गर्ने किरात राई र तिनका विभिन्न समूहहरुले स्थानीय भौगोलिक संरचनाअनुसार जीवनपद्धति अपनाएको पाइन्छ ।

वि.सं. २००७ को राजनीतिक परिवर्तनको प्रभाव पर्नु स्वभाविकै हो । यातायात र सञ्चारको विकास, भौगोलिक सुगमता, हावापानीको अनुकूलता, उर्बरा भूमिको खोजी, रोजगारी, अवसरको खोजीका कारणले अन्य राईहरुजस्तै साम्पाङ राईहरु पनि आफ्नो परम्परागत बसोबास स्थलबाट अन्यत्र बसाइँ सरेको पाइन्छ । साथै आफ्नो परम्परागत बासोबासस्थलमा जनसङ्ख्या बृद्धि, सुखसुविधाको मानवीय चाहना र आवश्यकतामा बृद्धि पनि यसको कारण भएको बुझिन्छ । त्यसैले साम्पाङ राईहरु मूलथलोबाट आंशिक रुपमा अन्यत्र पनि बसोबास गरेको पाइन्छ । अन्य जातिहरुजस्तै साम्पाङहरु पनि पहाडी क्षेत्रबाट

निकटवर्ति मधेसतिर आकर्षित हुँदै गएका छन् । हाल आएर आर्थिक व्यवस्था राम्रो भएकाहरु ठूला सहरतिर पनि आकर्षित हुन थालेका छन् ।

## ३.२ संक्षिप्त ऐतिहासिक परिचय

प्राचीन कालदेखि नै किरात क्षेत्र भनेर चिनिने सुनकोशीदेखि लिखुसम्म वल्लोकिरात, लिखुदेखि अरुणसम्म माझकिरात र अरुणदेखि मेची सिंगलीलासम्म पल्लोकिरात[३] समेत तीन किरात क्षेत्रहरु भनेर चिनिने गर्दछ । यसमध्ये खोटाङ माझकिरातअन्तरगत रहेको छ । किरात नेपालको प्राचीन जाति हो । यो जातिलाई विभिन्न लेखक तथा ग्रन्थकारहरुले विभिन्न किसिमले उल्लेख गरेका छन् । किरात जातिलाई मुख्य गरी राई, लिम्बू, याक्खा, सुनुवार भनेर चिन्ने गरिए पनि आजभोलि अन्य कतिपय आदिवासी/जनजातिलाई पनि किरातमा समेट्ने गरिएको पाइन्छ । यसअनुसार किरात समुदायभित्र रहेका विभिन्न जातिहरुको आ-आफ्नै भाषा, धर्म, संस्कृति छन् । यसैगरी किरात समुदायभित्र राई समुदायलगायत अरु पनि विभिन्न जातिहरु रहेका छन् । र, सोहीअनुसार उनीहरुको बेग्लाबेग्लै भाषा, संस्कृतिहरु छन् । यसैले सवै राई किरात हुन् तर सवै किरात राई होइनन् भन्ने देखिन्छ । गोपालराजवंशावलीअनुसार किरातहरुले नेपाल उपत्यकामा प्राचीन कालमा १९६३ वर्षभन्दा बढी शासन गरेको कुरा बुझिन्छ । उनीहरुको शासनको केन्द्र काठमाडौं उपत्यका रहेको र नेपाल उपत्यकामा लिच्छवीहरुको प्रवेशपछि किरातहरु पूर्वी नेपालमा गएर बसोबास गरेको कुरा इतिहासमा चर्चा गरेको पाइन्छ । सम्भवतः त्यसै समयदेखि पूर्वी नेपाल किरातहरुको अघोषित राज्यको रुपमा रहेको थियो । इतिहासमा नेपाल उपत्यकाका कुनैकुनै शासकले मात्र पूर्वी नेपालमा आफ्नो प्रभुत्व कायम गर्ने गरेको तर त्यो पनि टिकाउ हुँदैनथ्यो । न त पूर्वी नेपाल तिब्बततिरका कुनै शासक वा मेचीपूर्व अथवा दक्षिण बङ्गाल वा अन्य कुनै शासकहरुको प्रभावमा परेको थियो । यो यथार्थलाई हृदयंगम गर्दा पूर्वी नेपाल व्यवस्थित र क्रमबद्ध शासनव्यवस्था नभएको स्थानीय शासकहरुको आफ्नो अनुकूलतामा स्थानीय राजौटाको रुपमा, राईको रुपमा, आपुङ्गी राजाको रुपमा, मुखियाको रुपमा वा कुनै सरदार वा यस्तै कुनै अधिकारीद्वारा प्रशासित पहाडी प्रदेश थियो भन्ने बुझिन्छ ।

---

[३]. टंकबहादुर राई, **चाम्लिङ राई र चाम्लिङ भाषा,** (काठमाडौं : क्याप्टेन पर्शुराम चाम्लिङ राई), वि.सं. २०५१, पृ. ४६ ।

नेपालमा मध्यकालमा बाइसे, चौबिसे राज्यहरु; काठमाडौं उपत्यकामा मुख्य तीन राज्य, दोलखा, सिम्रौनगढमा स्वतन्त्र राज्यहरु; मकवानपुर, चौदण्डी, उदयपुरमा सेन राज्यहरुको शासनव्यवस्था थियो । मकवानपुर, चौदण्डी र उदयपुरमा पाल्पाका सेनहरुका राज्यहरु थिए । पहाडी प्रदेशमा त्यसबेला थुम, गौंडा, गढी, मण्डल, तप्पा, इलाका आदि नामका स्थानीय प्रशासन केन्द्रहरु भएको कुरा इतिहासमा पाइन्छ ।

अठारौं शताब्दीमा गोरखामा शाहवंशीय शासनव्यवस्था थियो । यसै वंशका पृथ्वीनारायण शाहको उदय भएको पाइन्छ । उनले गोरखादेखि पूर्वतर्फ मेची नदीसम्मका राज्यलाई एकीकरण गरेका थिए । उनको एकीकरणमा नेपालको पूर्व र मध्य तराईका सेन राज्यहरु पनि समावेश गरिएका थिए । पूर्वी नेपालको चौदण्डी राज्यअन्तरगत हालको वल्लो किरात, माझकिरात र पल्लो किरात पर्दथ्यो । यसअन्तरगत खोटाङ जिल्लाका यो अध्ययन क्षेत्रका चार गाविसमा साम्पाङ राईको शासनव्यवस्था भएको बुझिन्छ, जुन स्थानीय राज्य रावाखोलाको रुपमा चिनिन्थ्यो । पृथ्वीनारायण शाहको एकीकरण समयमा उक्त राज्यमा चतुरघना (अन्यत्र चत्मे लेखिएको) आपुङ्गी राजा थिए । उनी साम्पाङ राई जाति भएको कुरा स्थानीय भनाइबाट जानकारी पाइन्छ । पृथ्वीनारायण शाहको फौजसँगको लडाइँमा उनको हत्या गरिएको थियो ।[४]

पृथ्वीनारायण शाहले नेपालको एकीकरण गरेपछि देशको शासनव्यवस्थालाई सुदृढ गर्नका लागि जग्गाजमिनलाई पनि व्यवस्थित गर्न खोजेको देखिन्छ । यस क्रममा जग्गाहरुको व्यवस्थापनका लागि किपट प्रथालाई मजबुत बनाएको पाइन्छ । किपट प्रथाको सुरुवाति समय थाहा नभए पनि यो व्यवस्था पृथ्वीनारायण शाहले पूर्वका किरात क्षेत्रमा आक्रमण गर्नुभन्दा पहिले गोरखादेखि दोलखासम्मका सेनाको काम गर्न सक्ने मुर्मीहरुलाई उनीहरुको घर-बास परेको पाखा जग्गालाई किपट भन्ने नाम दिएर रैकर बनाई एक तरहको जागीर प्रथा सुरु भएको देखिन्छ ।[५] किपट भन्नाले राजाबाट जसका नाममा दिएको जग्गा हो, उनैका सन्तान दरसन्तानले भोग चलन गर्नुपर्ने र कहिल्यै राजीनामा नहुने, साथै साहुकहाँ बन्दकी पनि दिन-लिन नहुने गरी स्वामित्व प्रदान गरिएको जग्गा हो । विशेषगरी

[४]. वासपानी-५ निवासी **पहलमान राई** (८५ वर्षीय)को संकलनमा रहेको केही पुस्ताका विवरणमा आधारित ।

[५]. बाबुराम आचार्य, **श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी,** (काठमाडौं : श्री ५ महाराजाधिराजका संवाद सचिवालय, राजदरबार), वि.सं. २०२४-२६, पृ. ४६२ ।

राई, लिम्बू, भोटे, तामाङ र माझीहरुमा किपट प्रथा रहेको देखिन्छ । इलाम र दश मझैया, तत्कालिन पल्लोकिरात र छःथुम, तेह्रथुम, पूर्व १/२ नं., पश्चिम १ नं. पाल्पा, आछाम र दैलेखका माझी र तामाङहरुले किपट पाएको देखिए पनि राई र लिम्बूहरुमा किपटको प्राचुर्यता पाइन्छ । खड्गविक्रम चाम्लिङका अनुसार सन् १८०८ मा अंगद राईलाई राय पगरीको उपाधिसहित किपट दिइएको थियो ।[६]

एक प्रकारले बिर्ता जग्गासरह मानिने किपट जग्गामा तिरो लाग्दैन थियो । पृथ्वीनारायण शाहद्वारा नेपाल एकीकरणपछि सम्वत् १८३१ सालमा लिम्बूहरुलाई लालमोहरद्वारा अधिकारको अतिरिक्त सुविधा दिइएको थियो । आफ्नो कुटो, कोदालोले बिराएको किपट खेतको सम्बन्धमा १८९१ साल पौष सुदी रोज ३ मा लालमोहर भएको थियो । यस्ता किपट जग्गा साहुलाई दिन-लिन नपाउने भएकोमा १९६० सालको सनदले किपट बन्धक राख्न पाइने भयो । पछि भूमिसम्बन्धी ऐन, २०२१ लाई २०२५ मा संशोधन गरी किपट जग्गा रैकरसरह फार्छे राजिनामा गर्न सकिने र सो जग्गामा पनि रैकरसरह मालपोत लाग्ने व्यवस्था भएपछि नै यो किपट प्रथाको अन्त्य भएको देखिन्छ ।[७]

## ३.३ किरात समुदायको उत्पत्तिबारे संक्षिप्त चित्रण

किरात जातिको बारेमा विचार गर्दा यो जातिगत शब्दको उत्पत्ति, यिनीहरुको बसोबास क्षेत्र र यी जातिहरुले नेपाल उपत्यकामा प्राचीनकालमा राज्यसञ्चालन गरेकोबारे विभिन्न ग्रन्थहरुमा भएको चर्चा, विभिन्न अनुसन्धानकर्ताहरुले दिएको विवरण जस्ता कुराहरुलाई हेर्नु सान्दर्भिक रहने भएकोले यसबारेमा चर्चा गर्ने प्रयास गरिएको छ ।

### ३.३.१ किरात शब्दको अर्थ

प्रायः सबै किरात राईहरु आफूहरुलाई सुम्निमा-पारुहाङले नै सृष्टि गरेको र उनैका सन्तान हौं भन्ने धारणा र विश्वास राख्छन् । उनै पुर्खाले मानिसहरु मात्र नभएर यो सम्पूर्ण संसार, चन्द्र, सूर्य तथा ब्रह्माण्डको सृष्टि गरेका हुन् भन्ने विश्वास गर्दछन् । मौखिक रुपमा रहेको यस्ता धारणाले मात्र यिनीहरुबारे बुझ्न धेरै मद्दत नपुग्ने भएकाले लिखित रुपमा

---

६. खड्गविक्रम चाम्लिङ राई, **किरात ऐतिहासिक घटनाक्रम**, (ललितपुर : श्रीमती मेनुका लिम्बू, दोस्रो संस्करण), २०५९, पृ. ७८ ।

७. ज्ञाइन्द्रबहादुर श्रेष्ठ, **सम्पत्ति कानुन**, (काठमाडौं : पदम सिवाकोटीद्वारा प्रकाशित), वि.सं. २०५७, पृ. २४०-२४१ ।

रहेका आधारहरु के के छन् भन्ने सन्दर्भमा आजसम्म पाइएका विभिन्न पुस्तक, ऐतिहासिक दस्तावेज तथा अभिलेखहरुको अध्ययन गर्न सान्दर्भिक देखिन्छ । यसर्थ यहाँ यस्ता विभिन्न प्राचीन लिखित ग्रन्थहरुमा किरातबारे उल्लेखित प्रसङ्गहरु हेर्ने प्रयास गरिँदैछ । यसमा विशेषगरी प्राचीन ग्रन्थहरु वेद, पुराण, महाभारत, रामायण, कौटिल्यको अर्थशास्त्रलगायतका अन्य स्रोतहरुसमेत रहेका छन् ।

यस सन्दर्भमा सर्वप्रथम किरात शब्दको अर्थको बारेमा हेर्दा वामन शिवराम आप्टेले **संस्कृत-हिन्दी कोश** नामक पुस्तकमा निम्न विवरण उल्लेख गरेको पाइन्छ :-

**किरात** : [किरं पर्यन्तभूमिम् अतति गच्छतीति किरातः] एक पतित पहाडी जाति जो शिकार करके अपनी जीवनका चलाती है, पहाडी; -वैयाकणकिरातादमशब्दमृगः क्व यान्तु संत्रस्ताः, यदि नटगणचिकित्सकवैतालिकवदनकन्दरा न स्यु । 1. सुभा., कु. १।६,१५, रत्न. २।३ 2. वहसी, जंगली 3. बौना 4. साइस, अश्वपाल 5. किरातवेशधरी शिव- ताः (ब. व.) एक देश का नाम, - सम. आशिन् (पुं.) गरुड की उपाधि ।

**किराती** [किरात+डीष्] 1. किरात जाति की स्त्री, 2. चंवर डुलाने वाली स्त्री-रघु. १६।५७ 3. कुट्टिनी, दूती 4. किरात के वेश में पार्वती 5. स्वर्गगा । अर्थात् किरात जातिकी स्त्री, वा चमर टाउकामा लगाउने स्त्री । किरात पहिरनमा पार्वती भन्ने अर्थमा उल्लेख गरिएको देखिन्छ । यसप्रकार यी शब्दकोशमा किरात भेष धारण गर्ने शिव, टाउकामा चमर लगाउने स्त्री, किरात पहिरनमा पार्वती भन्ने कुराहरुको चित्रण गरिएको पाइन्छ ।[८]

यस्तै गरी **नेपाली शब्दसागर**मा पनि किरात शब्दबारे यसरी उल्लेख गरेको पाइन्छ :

**किराँत**-[सं. किरात, ना.] पूर्वी नेपालको पल्लो किराँत र माझ किराँत नामको प्रसिद्ध भूस्थल, त्यही भूस्थलका निवासी, प्राचीन एक किराँत जाति, राई-लिम्बू, हिमवत्खण्डमा उल्लिखित शिकार खेलेर जीविका गर्ने आदिम पहाडी जाति, अति प्राचीन नेपालको कुनै प्रदेशमा शासन गर्ने एक राजवंश ।

---

[८]. वामन शिवराम आप्टे, **संस्कृत-हिन्दी कोश,** (भारत : मोतीलाल बनारसीदास पब्लिशर्स, पुनर्मुद्रण), वि.सं. २०५१, पृ. २७७ ।

यसै ग्रन्थमा किरातीहरुलाई शिवको सन्तानको रुपमा पनि चर्चा गरिएको छ । साथै किरात नेपालको पूर्वी हिमालयको पूर्वदक्षिणी भूभाग वा त्यसका वरपरको प्रदेश, किराँतस्त्री, किराँतकी आइमाई, कुटुनी, चमर टाउकामा लगाउने धामीझाँक्रीको पेशा भएकी स्त्री, किराँतजाति, चमर डोलाउने सेविका भन्ने विवरण दिँदै किरात एक प्राचीन जाति जो नेपालको पूर्वी भेगमा आदिमकालदेखि बसोबास गर्दथे, उनैका एक स्त्री आफ्नो पेशा धामीझाँक्री भएको र चमर डोलाउने सेविकाको रुपमा चर्चा गरेका छन् ।[९]

अनुवादक श्रीजीबानन्दविद्यासागरभट्टार्थ्येणले अनुवाद र कालिकातानगर्थ्यामद्वारा वि.सं. १९३९ मा प्रकाशित **अग्निपुराण** को ११९ अध्याय छैटौं श्लोकमा भएको- **किराता यवनाश्चापि ब्राह्मणाद्याश्च मध्यतः । वेदस्मृतिमुखा नद्यः पारिपात्रोद्धवास्तथा ॥६॥** भन्ने उल्लेख गरेका छन् । यो श्लोकअनुसार, समुद्रदेखि उत्तर र हिमालय पर्वतबाट दक्षिणपट्टि नौहजार योजन विस्तृत भारतवर्ष छ । इन्द्रद्वीप आदि नौ द्वीपमध्ये भारतद्वीप नवौं हो, जो समुद्रद्वारा वेष्ठित (घेरिएको) छ । यो द्वीप दक्षिणदेखि उत्तरतर्फ हजारौं योजन फैलिएको छ । नौवटा द्वीपमध्ये भारत बीचमा पर्दछ । यसको पूर्वमा किरातीहरु र यवनहरुको निवास छ भन्ने बुझिन्छ । यस पुराणमा किरातहरुको चर्चा र तत्कालिन समयमा उनीहरुको बसोबासका बारे चर्चा गरेको पाइन्छ ।[१०] यस भनाइबाट किरातहरु आदिमकालमा समुद्र सतहको उत्तरतर्फको भारतीयद्वीपको पूर्वतर्फ किरातहरुको बसोबास रहेको भन्ने बुझिन्छ । यसबाट किरातहरुको बसोबास प्राचीन कालदेखि नै नेपाली भूमिमा थियो भन्ने संकेत मिल्दछ ।

यस्तैगरी रामरत्नद्वारा अनुवादित तथा मुंशी नवलकिशोरद्वारा वि.सं. १९४७ मा प्रकाशित **मनुस्मृति सटीक**मा किरातका विषयमा चर्चा पाइन्छ । यसमा उनले पौंड्रक, अैड्र, द्रविड, कांबोज, यवन, शक पारद, पाल्हव, चीन, किरात, दरद र खस यस देशको नामबाट प्रसिद्ध यतिका क्षत्रिय पूर्वोक्त कारणबाट शूद्र भएको चर्चा गरेका छन् ।[११] यहाँ विभिन्न जातिहरुसँगै किरात पनि विभिन्न कारणहरुबाट शूद्र हुन गएको भन्ने चर्चा गरिएको छ ।

---

[९]. वसन्तकुमार शर्मा 'नेपाल', **नेपाली शब्दसागर,** (काठमाडौं : भाभा पुस्तक भण्डार), वि.सं. २०५७, पृ. २६५ ।

[१०]. श्रीजीबानन्दविद्यासागरभट्टार्थ्येण, (सम्पादक), **अग्निपुराम्,** (कालिकातानगर्थ्याम्), वि.सं. १९३९, पृ. ३४३ ।

[११]. रामरत्न बाजपेयि, **मनुस्मृति सटीक,** (सम्पादक), (लखनउ : मुंशी नवलकिशोर), वि.सं. १९४७, पृ. ७२७ ।

पहिला यी विभिन्न जातका समूहहरु उच्च वर्गमा रहेको भए पनि पछिका दिनहरुमा परिवर्तन भएर शूद्र भएको बुझिन्छ ।

अनुवादक श्रीपाद दामोदर सातवलेकरद्वारा अनुवादित र स्वाध्यायमंडलद्वारा सं. १९८१ मा प्रकाशित **महाभारत सभापर्व**मा चौध अध्यायमा **वङ्गपुण्ड्रकिरातेषु राजा वलसमन्वितः । पौण्ड्रदेवेति वासुदेवेति योऽसौ लोकेऽभिविश्रुतः २१ ॥** भन्ने श्लोकको अंश उल्लेख गरेका छन् । यो श्लोकअनुसार वङ्गदेश, पुण्ड्रदेश, किरातदेशका राजा भएर बसेका राजा पौण्ड्रक हुन् । जो आफ्नो नाम वासुदेव भन्ने राखेर मेरा चिन्हहरु शंख, चक्र, गदा, पद्म धारण गरेर वासुदेव नामले प्रसिद्ध भएको वर्णन पाइन्छ ।[१२] यसरी यहाँ किरातदेश भनी किरातीहरु बसोबास गर्ने भूभागलाई किरातदेश भनि संकेत गरेको पनि देखिन्छ । तर, किरातदेश कहाँ हो भन्नेबारे उल्लेख नभए पनि कतिपय लेखकका अनुसार सामान्यतः किरात देश भनेर नेपाली भूमिलाई संकेत गरेको पाइन्छ ।

यसैगरी रामप्रसाद त्रिपाठीद्वारा सम्पादित **हिन्दी विश्वकोश** (खण्ड ३) मा किरातलाई अनार्य (सम्भवतः मंगोल) जातिअन्तरगत राखी उनीहरुको निवासस्थान हिमालय क्षेत्र मानिएको र किरातहरु गुफामा बस्ने, सिकारबाट जीविकोपार्जन गर्ने जातिको रुपमा उल्लेख गरिएको छ । यसबाट किरात जाति नेपालमा मात्र नभएर अन्य विभन्न मुलुकमा पनि आदिम कालदेखि नै बसोबास गर्दथे भन्न सिकिन्छ ।[१३]

यस्तै गरेर किरातसम्बन्धी उल्लेख **कौटिल्य अर्थशास्त्र**मा पनि पाइन्छ । विद्याभास्कर वेदरत्नले अनुवाद गरेको उक्त पुस्तकमा शत्रु, मित्र आदिको घरमा तथा उनको मन्त्री, पुरोहित आदि अठाह्र प्रकारको अनुचरणको भित्र घरमा काम गर्ने कुबडे, बैने, नपुंशक, कारीगर स्त्रिहरु, लाटा तथा अन्य अनेक प्रकारका बहानालाई लिएर म्लेच्छ जातिको पुरुष नियुक्ति गरियो भन्ने चर्चा पाइन्छ ।[१४] यहाँ म्लेच्छ भन्नाले किरात पनि पर्दछन् ।

यस्तैगरी प्राचीन ग्रन्थ महाभारतका विभिन्न पर्वहरुमा किरातबारेमा विभिन्न प्रसङ्गहरुमा उल्लेख भएको श्लोकहरु पाइन्छ । महाभारत **आदिपर्व**मा युद्धको वर्णन गर्दै

---

[१२]. श्रीपाद दामोदर सातवलेकर, (सम्पादक), **महाभारत सभापर्व,** (स्वाध्यायमंडल, औंध जि. सातारा), सं. १९८१, पृ.७६ ।

[१३]. रामप्रसाद त्रिपाठी (सम्पादक), **हिंदी विश्वकोश,** खंड ३ (वाराणसी : नागरीप्रचारिणी सभा), वि.सं. २०२०, पृ. ९ ।

[१४]. वेदरत्न विद्याभास्कर, (सम्पादक), **कौटिल्य अर्थशास्त्र,** (भारत : मेहरचन्द्र लक्ष्मणदास), वि.सं. १९८२, पृ.३६ ।

नन्दनीको रिसको सीमा नरहेपछि मध्यान्हको सूर्यजतिकै चम्कन लागेपछि पुच्छरबाट पल्हव, थनोंबाट द्रविड तथा शक; योनीबाट यवन; गोबर तथा मूत्रबाट शबर; मुखको फेनबाट पौण्ड्र किरात, यवन, सिंहल, बर्वर, खस, चिबुक, पुलिन्द, चीन, हुण, केरल आदि युद्धका सेना उत्पन्न गरेको चर्चा पाइन्छ । यो विवरणबाट महाभारत कालमा अन्य जातिहरु जस्तै किरातहरु पनि योद्धा थिए भन्ने देखिन्छ ।[१५]

ज्वालाप्रसादजी मिश्रकृतद्वारा अनुवादित **रामायणको अयोध्याकाण्ड**मा कोल, किरात, भिल्ल वनवासीले सुन्दर स्वादिष्ट अमृतजस्तै पवित्र खाना लिएर पर्वतहरुमा आउने, पवित्र र स्वादिलो वस्तुहरु र पातका सुन्दर पुटी (टपरा बनाएर त्यसमा कन्दमूल, फलफूल, अंकुरित वस्तु जो खान लायक हुन्छ)मा खाना दिएर स्वागत गर्ने कुराको बयान गरिएको छ ।[१६] यस भनाइबाट त्यस समयमा किरातहरु वनमा नै निवास गर्ने भए पनि विभिन्न कन्दमूल, फलफूल तथा अनेक अंकुरित वस्तुहरु राम्रो र मिठो खाना बनाएर खाँदा रहेछन् भन्ने देखिन्छ ।

यसैगरी महाभारतको **उद्योगपर्व**को एउटा श्लोकमा **वयं किरातैः सहिता गच्छामो गिरिमुत्तरम् । ब्राह्मणैर्देवकल्मैश्च विद्याजम्भकवातिकैः ॥ २१ ॥** भनी किरात र मंत्र-तंत्रादि जान्नेको देवपम ब्राह्मणको साथ उत्तरदिशामा गन्धमादन पर्वततिर गएको कुरो उल्लेख गरिएको छ । यहाँ किरातहरुलाई भिल्लको संज्ञा दिइएको छ ।[१७]

अनुवादक मधुसूदन रिसाल 'प्रदीप'ले **पशुपति पुराण**का श्लोकमा[१८] पनि किरातका बारे चर्चा भएको उल्लेख गरेका छन् । यसमा चाँपको रुखको छायाँमुनि सुशोभित मेरो चार

---

१५. द्वारकाप्रसाद शर्मा, (सम्पादक), **महाभारत आदिपर्व,** (भारत : रामन रायन लाल पब्लिशर), वि.सं. १९८७, पृ. ५८४ ।

१६. ज्वालाप्रसादजीमिश्रकृत, (सम्पादक), **रामायण** संजीवनीटीकासहित, अयोध्यकाण्ड, ( ...?), वि.सं. २०२२, पृ. ६१७ ।

१७. श्रीपाद दामोदर सातवलेकर, (सम्पादक), **महाभारत उद्योगपर्व,** (भारत : वसन्त श्रीपद सातवलेकर, स्वाध्या मण्डल), वि.सं. २०२६, पृ. ३६३ ।

१८. मधुसूदन रिसाल, (सम्पादक), **पशुपति-पुराण,** (काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान), वि.सं. २०२९, पृ. १२५ मा रहेको श्लोकः

**चम्पक द्रमच्छायाभिः शोभितो मम विग्रहः ।**

**चतुर्मूर्तिधरो भक्त्या म्लेच्छैः सम्पूज्यते तदा ॥११॥**

**जित्व कैरातराजानं वाक्येन प्रत्ययेन च ।**

**करिष्यति तदा राज्यं वैशाल्याधिपतिर्बली ॥१२॥**

शिरवाला मूर्ति (चतुर्मुख शिव)लाई त्यतिखेरदेखि सदासर्वदा नै म्लेच्छ किम्व अव्यक्त शब्दोच्चारण गर्ने किराती प्रजाहरु बहुतै श्रद्धासाथ पूजा-वन्दना आदि गर्दै जानेछन् भनिएको छ । ती शिवभक्त सरल प्रकृतिका किराती राजाहरुलाई केवल वचनका भरमा विश्वासमा पारी बलशाली वैशाली देशका राजाले शासन हातमा लिने उल्लेख छ ।

अनुवादक यसैगरी श्रीपाद दामोदर सातवलेकरले महाभारत **कर्णपर्व**को श्लोकमा **किरातानामधिपतिः सागरानूपवासिनाम् । देवराजस्य धर्मात्मा प्रियो बहुमतः सखा ॥ १५ ॥** भनी समुद्र खादर अनूपदेशको किरातका मालिक वा देवराजलाई इन्द्रका अत्यन्त प्यारो धर्मात्मा मित्रको रुपमा चित्रण गरिएको उल्लेख पाइन्छ ।[१९]

किरातका बारे महाभारत **द्रोणपर्व**मा पनि चर्चा छ । यसका बारे अनुवादक दामोदर सातवलेकरले एउटा श्लोक **किरातैश्च समेष्यामि विषकल्पैः प्रहारिभिः । लालितैः सततं राज्ञा दुर्योधनहितैषिभिः ॥ ४९ ॥** उल्लेख गरी राजा दुर्योधनबाट सधैं सत्कार पाउने, उनको हितैषी, वाण प्रहार गर्नमा सिपालु र विष भएको सर्पबराबर महाक्रूर किरातहरुसँग मलाई युद्ध गर्नुपर्छ भन्ने अर्जुनको मनसाय वर्णन गरेका छन् ।[२०]

अर्का लेखक नरेन्द्रनाथ वसुले **हिन्दी विश्वकोश** १८औं भगमा किरात उत्पत्तिबारे उल्लेख गरेका छन् । जसअनुसार किरातको उत्पत्ति फेनबाट भएको चर्चा गरेका छन् । यहाँ किरात मात्र नभएर अन्य विभिन्न जातिहरु विभिन्न स्थानबाट उत्पन्न भएको समेत बयान गरिएको छ । कतिपय ग्रन्थकारहरुले म्लेच्छलाई किरात भने पनि यहाँ भने किरात र म्लेच्छ अलगअलग रुपमा उल्लेख गरिएको छ ।[२१] तर, कतिपय ग्रन्थकारहरुका अनुसार म्लेच्छ भन्नाले जातीय समूहको रुपमा पनि देखाइएको पाइन्छ किनभने यसभित्र धेरै जातिहरु रहेको उल्लेख पाइन्छ ।

---

[१९]. दामोदर सातवलेकर,(सम्पादक), **महाभारत कर्णपर्व**, (भारतः श्रीपद सातवलेकर, स्वाध्या मण्डल), वि.सं. २०३०, पृ. १५ ।

[२०]. दामोदर सातवलेकर,(सम्पादक), **महाभारत द्रोणपर्व** (संपादक), (भारतः सातवलेकर, स्वाध्या मण्डल), वि.सं. २०३२, पृ. ५५३ ।

[२१]. नगेन्द्रनाथ वसु, **हिन्दी विश्वकोश,** भाग १८ (देल्ही : बि. आर. पब्लिसिङ्ग करपोरेसन, दोस्रो प्रकाशन), वि.सं. २०४३, पृ. ४११ को विवरण अनुसार- "...पयस्विनी नन्दिनीने विश्वमित्रको परास्त करनेके लिये अपनी पूंछसे पल्हवोंकी, पलानसे द्रविड, और शकोंको, योनिसे यवनकी, गोबर, मूत और पाश्वदेशसे शवरकी तथा फेनसे पौण्ड्, किरात, यवन, सिंहल, वर्वर, खस, चिबुक, पुलिन्द, चीन, हूण, केरल आदि अनेक प्रकारके म्लेच्छोंकी सृष्टि की थी" ।

किरातको अर्थ तथा उत्पत्तिका बारेमा लेखक पेशल दाहालले पनि आफ्नो **नेपालको इतिहास** पुस्तकमा चर्चा गरेको पाइन्छ । उनले पुस्तकमा किरात शब्दको उत्पत्ति भूमध्यसागरीय क्षेत्रमा बोलिने मोबाएट भाषाको किरियाट (किल्ला वा शहर शब्दमा प्रयोग गरिने) शब्दबाट भएको बताएका छन् । यस्तै यो शब्द संस्कृत शब्दको सिमानामा बस्ने अर्थबाट आएको धारणा पनि दिँदै यिनीहरु ई.पू. २४०० तिर आफ्नो स्थान बेबिलोनबाट अन्यत्र फैलिएको चर्चा गरेका छन् ।[२२]

टीकाकार श्रीपण्डितरामतेजपाण्डेयले **श्रीमद्भागवत श्रीधरी टीका** (विष्णुपुराण)मा किरातलगायतका विभिन्न जातिहरुलाई नीच जातिको रुपमा चर्चा गरेका छन् । उनीहरुलाई कुनै पूजापाठ नगर्ने, स्नान नगर्ने, सिकार खेल्ने कठोर जातिको रुपमा चित्रण गरेका छन् । यस्तै निर्दयी कर्मबाटै उनीहरु नीच जातिमा पुगेको समेत उक्त पुराणमा चर्चा गरेको पाइन्छ । यसले किरातलगायतका केही जातिहरुको जीवनशैलीका बारेमा सङ्केत गरेको छ ।[२३]

लेखक गोविन्द टण्डनले **पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन** नामक पुस्तक प्रकाशित गरेको पाइन्छ । पुस्तकमा उनले गोपालवंशका आठजना राजाहरुले राज्य गरेको

---

[२२]. पेशल दाहाल, **नेपालको इतिहास,** (काठमाडौं : एम. के. पब्लिशर्स एण्ड डिस्टीब्युटर्स), वि.सं. २०४८, पृ. ३२ को विवरण अनुसार- "...भूमध्यसागरीय क्षेत्रमा बोलिने मोबाएट भाषाको किरियाट (किल्ला वा शहर शब्दमा प्रयोग गरिने) शब्दबाट किराँत बनेको हो र यो जाति ई. पू. २४०० तिर आफ्नो प्राचीन स्थल वेविलोन छाडेर मेसोपोटामियातिर लागेका थिए, अर्को थरी विचारअनुसार 'किरात'लाई संस्कृत शब्द मानिएको छ, जसको अर्थ हुन्छ 'सिमानामा बस्ने, ...किराँतहरुको मूलथलो कसैले अफ्रिका महादेश, कसैले पर्सियाको उत्तरी मैदान, कसैले बेबिलोन, कसैले असिरिया, सुमेरु वा मिश्र मानेका छन् । तर अर्को थरि विचारमा भने किराँतहरु बाहिरबाट आएका नभएर यहीँका आदिवासी जाति हुन् भन्ने धारणा पनि पाइन्छ ।"

[२३]. रामतेज पाण्डेयः (टीकाकार), **श्रीमद्भागवत श्रीधरी टीका,** (दिल्ली : चोखम्बा संस्कृत प्रतिष्ठान), वि.सं. २०५३, पृ. १४२ मा निम्न श्लोक रहेका छन्-

**किरातहूणान्ध्रपुलिन्दपुल्कसा आभीरकङ्का यवनाः खसादयः ॥**

**येऽन्ये च पापा यदुपाश्रयाश्रयाः शुध्यन्ति तस्मै प्रभविष्णवे नमः ॥ १८ ॥**

यस श्लोकअनुसार- "किरातजाति, हुणजाति, आन्ध्रजाति, पुलिन्दजाति, पुल्कसजाति, आभीरजाति, कङ्कजाति, यवनजाति, खसजाति आदि गरिएका नीच जातिहरु (जसले स्नान सन्ध्या पाठपूजा आदि नगरेर सधैं सिकार खेल्ने आदि कठोर कर्ममा लागेका हुँदा नीचजातिका कोटीमा पुगेका) र अरुअरु पामात्माहरु पनि जसका शरणगत भक्तहरुको शरण पर्नाले पवित्र हुन्छन्, त्यस्ता सर्वशक्तिमान भगवान्लाई म बारम्बार नमस्कार गर्दछु ।"

कुरा चर्चा गर्दै महिषपालवंश र किरातवंशका राजाहरुको नाम तथा राज्य गरेको समयको समेतको विवरण दिएका छन् । लेखकको चर्चाअनुसार लिच्छवीहरुको आगमनभन्दा झण्डै २४१९ वर्षअघि पशुपतिलिङ्गको प्रादुर्भाव भएको सङ्केत पाइन्छ भन्ने चर्चा गरेका छन् । यसैगरी उनले किरातहरु आजभन्दा पाँच हजार वर्षपूर्वकै प्राचीन जाति हो भन्ने उल्लेख गर्दै महाभारतको रचना आजभन्दा ५०९६ वर्षअघि भएको कुरा उल्लेख गरेका छन् ।[२४]

यस्तैगरी **श्रीवाल्मीकीयरामायण**मा पनि किरातबारे विभिन्न प्रसङ्गका श्लोकहरु पाइन्छ । जसअनुसार योनिदेशबाट यवन र शकृतदेश (गोबर गर्ने स्थान) बाट शकहरु उत्पन्न भए । रोमकूप (सम्पूर्ण रौं हुने ठाउँ) बाट किरातसहित हारीत म्लेच्छहरु उत्पन्न भएको कुरा चर्चा रहेको पाइन्छ ।[२५]

यस्तै गरी अर्का लेखक स्वामी प्रपन्नाचार्यले पनि किरात शब्दको उत्पत्ति र अर्थका सम्बन्धमा उल्लेख गरेको पाइन्छ । जसअनुसार उनले आफ्नो **प्राचीन किरात इतिहास** नामक पुस्तकमा किरात शब्दको उत्पत्ति कृ= विक्षेपे र सातव्य गमने दुई धातुबाट भएको बताएका छन् । यस्तै किरात जातिको उत्पत्तिबारे ऋग्वैदिक कालका प्रसिद्ध राजा ययातिको कान्छी रानीको सन्तान अनुबाट म्लेच्छहरु उत्पत्ति भएको र यिनीहरु नै किरात जाति हुन् भनी चर्चा गरेका छन् ।[२६]

---

[२४]. गोविन्द टण्डन, **पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन,** (काठमाडौं: श्रीझरेन्द्र शम्शेर ज. ब. रा. तथा श्रीमती अञ्जु राणा), वि.सं. २०५३, पृ. १००-१०२ ।

[२५]. **श्रीमद्वाल्मीकीयरामायणम्** (मूलमात्रम्), (गोरखपुर : गीताप्रेस), वि. सं. २०१७ देखि २०५६, पृ. ८८ मा  निम्न श्लोक रहेका छन्-

**योनीदेशाच्च यवनाः शकृद्देशाच्छकाः स्मृताः ।**

**रोमकूपेषु म्लेच्छाश्च हारीताः सकिरातकाः ॥**

[२६]. स्वामी प्रपन्नाचार्य, **प्राचीन किरात इतिहास,** (पाँचथर : किरातेश्वर प्रकाशन), वि.सं. २०५७, पृ. ३५७ -१४४ को विवरणअनुसार "कृ=विक्षेपे धातुबाट किरतीति किरः रुप हुन्छ । यसको अर्थ हो (अवस्करादिः निक्षेपस्थान पर्यन्त भूमि) समुद्रसम्मको भूमि । किरमतन्ति= गच्छन्ति ये ते किराताः अर्थात् समुद्रपर्यन्त भू-भागलाई पराक्रमले जितेर शासन गर्नेलाई किरात भन्दछन् । 'कृ' विक्षेपे र 'अत' सातव्य गमने यी दुईवटा धातुबाट बनेको किरात शब्दले वेद, पुराण, स्मृति, तन्त्र, कोष आदि समस्त प्राचीन साहित्यको इतिहासलाई ओगटेको, ...आजभन्दा पाँच हजार वर्ष पूर्वको ऋग्वैदिक कालका एक प्रसिद्ध राजा ययातिको कान्छी रानी शर्मिष्ठाबाट द्रुह्यु, अनु र पुरु तीनभाइ छोरा जन्मेको बताउँदै माइला छोरा 'अनु' बाट म्लेच्छहरु भए र यिनै म्लेच्छहरु नै किरात हुन् ।"

लेखक जनकलाल शर्माले आफ्नो पुस्तक **हाम्रो समाज : एक अध्ययन**मा किरातबारे उल्लेख गरेका छन् । उनले किरात जातिलाई धेरैजसो ग्रन्थकारहरुले शिव अर्थात् महादेवकै सन्तान मानेको र महादेवको बासस्थान हिमाली भेग हो भन्ने गरेको बताएका छन् । पुस्तकमा हिमालका पाँच खण्डहरुमा नेपाल, कुमाउँ, गढवाल, जालन्धर र कश्मीर पर्ने कुरा उल्लेख गरिएको छ ।[२७] यसर्थ संसारको अग्लो र धेरै हिमाल नेपालमा नै भएकाले यो जाति कतै अन्य मुलुकबाट नेपाल आएको नभई यही मुलुकको आदिम जाति हो कि भन्ने अनुमान गर्न सकिन्छ । यसैगरी लेखकले ऋग्वेद कालमा किरात भनेर उल्लेख नभए पनि त्यस बेला किरातहरु भएको कुरा चर्चा गरेका छन् । उनले सप्तसिन्धुमा आर्य र किरातहरुको संघर्ष भएको, किरातका निवास त्रिगर्त र नेता शम्बर भएको उल्लेख गरेका छन् । यस भनाइबाट ऋग्वेद कालमा किरात थिए भन्ने सङ्केत मिल्दछ ।[२८]

विश्वनाथ झाद्वारा संपादित **अमरकोशः** का श्लोकमा पनि किरातको चर्चा पाइन्छ । जसमा **किराततिक्त, भूनिम्ब, अनार्यतिक्त** तीन प्रकारका चिराइतोका नाम दिएको छ । यो औषधिको गुण भएको वनस्पति भए पनि किरात जातिसँग नाम जोडिएको छ ।[२९] यसैगरी सोही कोशको अर्को श्लोकमा **निषादश्वपचावन्तेवासिचाण्डालपुक्कसाः । भेदाः किरातशबरपुलिन्दा म्लेच्छजातयः ॥२०॥**[३०] भनी किरात, शबर, पुलिन्द, चण्डालजाति यी सब जङ्गलमा बस्तछन्, जो म्लेच्छ जात हुन् भन्ने चर्चा गरेको पाइन्छ । यहाँ किरात, शबर, पुलिन्द, चण्डाललाई म्लेच्छ जातिको संज्ञा दिइएको देखिन्छ ।

---

[२७]. जनकलाल शर्मा, **हाम्रो समाज : एक अध्ययन,** (ललितपुर : साझा प्रकाशन), (दोस्रो संस्करण), वि.सं. २०४९, पृ. २५२ ।

[२८]. **उही**, पृ. २५१-२५२ मा किरातबारे उल्लेखित विवरण- "किरातजातिको चर्चा गर्नासाथ ऋग्वैदिक साहित्यको स्मरण हुन्छ । हिन्दुकुश पवर्त पार गरेर तलतिर झरेका आर्यहरु जब सप्तसिन्धुमा फैलिए, त्यस समय उनीहरको संघर्ष किरातजातिसँग भएको थियो । किरातजातिको निवास 'त्रिगर्त' अर्थात भारतको काँगडा उपत्यकामा थियो र यिनका नेतालाई 'शम्बर' भनिन्थ्यो । ... ईसाको एघारौं शताब्दीसम्म काँगडा उपत्यकाको वैजनाथलाई 'किरग्राम' भनिन्थ्यो भन्ने कुरा त्यहींको एउटा शिलालेखले बताउँछ । किर शब्दले मूल अर्थमा सुँगुरलाई बुझाउँछ । किर अर्थात सुँगुरको पछि लाग्ने शिकार खेल्ने, पाल्ने अथवा त्यसको शिकार गरेर जीविका चलाउनेलाई संस्कृत बाङ्मयमा 'किरात' भनिन्छ ।"

[२९]. विश्वनाथ झा, (सम्पादक), **अमरकोशः** (भारत : दिल्ली, मोतीलाल बनारसीदास), वि.सं. २०५९, पृ. ८२ ।

[३०]. **उही,** पृ. २८२-२८३ ।

अनुवादक हनुमानप्रसाद पोद्दारद्वारा सम्पादित **शिवपुराण**मा पनि किरातको चर्चा पाइन्छ । यसमा किरात अवतारको प्रसङ्गमा मूक नामका दैत्यका शूकर-रुप धारण गरेर अर्जुनको समक्ष आउनु, शिवजीको किरात भेषमा प्रकट हुनु र अर्जुन तथा किरात भेषधारी शिवद्वारा उस दैत्यका हत्या गरिएको चर्चा गरिएको छ ।[३१]

रामचन्द्र राई (रुपाबुङ्ग)ले **प्राचीन किरातहरुले छाडेका सम्पदाहरु** पुस्तकमा किरातबारे चर्चा गरेका छन् । उनका अनुसार किरात मुन्धुमबाट काई-लाशोको अर्थ नातासम्बन्ध, पवित्र आसन भन्ने लाग्छ । प्राचीन किरातहरुले हिमाललाई सर्वोच्च आत्मा-परमात्मा बस्ने पवित्र स्थान भनी काइलासो कैलाश भन्दथे । यही काइलासो शब्द अपभ्रंश हुँदै काइलासो-काइलाती-कराती-किरात भएको हो । यती पवित्र ठाउँमा जन्मे हुर्केका फैलिएका मानव जातिलाई किरात भनिने कुरा पुस्तकमा उल्लेख गरेको देखिन्छ ।[३२]

यता विश्व साहित्यकै सर्वप्राचीन मानिएको ग्रन्थ ऋग्वेदमा किरात शब्दको बारेमा कुनै पनि उल्लेख पाइँदैन । तथापि संस्कृत साहित्यका स्वामी प्रपन्नाचार्यले आफ्नो **प्राचीन किरात इतिहास** पुस्तकमा ऋग्वेदकालिन केही किरात ऋषिका नामहरु बन्धु, सुबन्धु, श्रुतबन्धु, विप्रबन्धु उल्लेख गरेका छन् । यी नामहरु ऋग्वेदमा पाइन्छ । तर, उनीहरु किरात हुन् भन्ने कुरा भने कतै चर्चा गरेको पाइँदैन ।[३३] यी उल्लेखित विभिन्न ग्रन्थ, पुस्तकहरुबाट समग्रमा किरात एक प्राचीन जाति हुन् र यिनीहरु नेपालमा मात्र नभएर अन्य क्षेत्रका पनि आदिम कालमा छरिएर रहेका थिए भन्ने देखिन आउँछ ।

### ३.३.२ किरातहरुको बसोबास क्षेत्र र राज्यव्यवस्था

प्रायः सबैजसो किरातहरुले 'हामी बाहिरबाट आएको होइनौं र हामी यहीँका आदिवासी हौं' भन्ने गरेको पाइन्छ । प्राचीन ग्रन्थहरु हेर्दा किरातहरु नेपाललगायत विभिन्न भूभागहरुमा आदिम कालदेखि नै छरिएर रहेको पाइन्छ । माथि उल्लेखित अग्नि पुराणमा, समुद्रदेखि उत्तर र हिमालयपर्वतबाट दक्षिणपट्टि नौ हजार योजन विस्तृत भारतवर्ष छ, नौ

---

[३१]. हनुमानप्रसाद पोद्दार, (सम्पादक), **शिवपुराण,** सचित्र, मोटा टाइप केवल हिन्दी, (भारत : गीताप्रेस गोरखपुर, (बत्तिसौं संस्करण), वि.सं. २०६३, पृ. ४६५ ।

[३२]. रामचन्द्र राई (रुपाबुङ), **प्राचीन किरातहरुले छाडेका सम्पदाहरु,** (काठमाडौं : महेन्द्रनाथ राई), वि.सं. २०६४, पृ. ५० ।

[३३]. प्रसन्नचन्द्र गौतम समेत (अनुवादक), **ऋग्वेद संहिता** नेपालीमा, दोस्रो खण्ड दशौं, मण्डल सूक्त-५८, (काठमाडौं : कुलचन्द्र गौतम स्मृति संस्था), वि.सं. २०६७, पृ. ३०४८ ।

द्वीपमध्ये भारत बीचमा पर्दछ । यसको पूर्वमा किरात र यवनहरुको निवास छ भनिएको छ । यसअनुसार पौराणिक कालमा किरातहरु हिमालयको दक्षिणी भेग र समुद्रदेखि उत्तरको पूर्वीभेगतिर बसोबास गरेका थिए भन्ने बुझिन्छ । जुन क्षेत्रमा हालको नेपाली भूमिलगायत भारतीय पूर्वी क्षेत्रहरुसमेत पर्ने भएकाले यस भेगमा आदिमकालदेखि नै यिनीहरुको बासोबास रहेको देखिन आउँछ । यसैगरी स्वामी प्रपन्नाचार्यले आदिमकालमा किरातहरु तप्तकुण्ड (काश्मीर श्रीनगरदेखि पश्चिम दक्षिण वर्तमान पाकिस्तान) देखि कामरुपक्षेत्र (आसाम), पर्शुरामकुण्ड (हालको अरुणाञ्चल प्रदेश), त्रिपुराको उदयपुर, अमरपुर र उनकोटी, मणिपुर, बर्माको माण्डले र इरावती नदीको घाँटीहरुमा समेत किरातहरु बसोबास गरेको अवशेष पाइएको र पछिल्लो समयसम्म पनि आराकान क्षेत्रमा किरातहरुको शासन रहेको कुरा उल्लेख गरेका छन् । यसैगरी रामप्रसाद त्रिपाठीले **हिन्दी विश्वकोष**मा किरातको शाब्दिक अर्थ दिने क्रममा भारतका प्राचीन अनार्य (सम्भवतः मंगोल) जातिको वासस्थान मुख्यतः पूर्वी हिमालयको पर्वतीय प्रदेशमा थियो भन्ने चर्चा गरेका छन् ।[३४] हिमालयको पर्वतीय प्रदेश भन्नाले प्रमुख रुपमा १. नेपाल, २. कुमाउँ, ३. गढवाल, ४. जालन्धर र ५. कश्मीर पर्ने कुरा जनकलाल शर्माले **हाम्रो समाज : एक अध्ययन** नामक पुस्तकमा उल्लेख गरेका छन् । यसरी यी सबै विवरणहरुबाट किरातहरु आदिमकालमा उत्तरी हिमालय पर्वतदेखि दक्षिण समुद्रसम्म र पश्चिम पाकिस्तानका भूभागदेखि पूर्वतर्फ भारत, नेपाल, बर्मा (हालको म्यानमार) सम्म फैलिएर रहेको बुझिन्छ । यसअनुसार किरातहरु नेपालमा बाहिरबाट आएको नभएर यही मुलुकका आदिवासी जाति हुन् भन्न सकिन्छ ।

तर कतिपय लेखकहरुले किरातहरु तिब्बती भूमि हुँदै हिमाली भेगबाट नेपाल प्रवेश गरेका हुन् भनेका छन् भने कसैको भनाइमा भारतीय भूमि हुँदै नेपालको पूर्वी भेगमा प्रवेश गरेका हुन् । तर, कसैले भने यो जाति बाहिरबाट आएको नभएर यहींका आदिवासी हुन् भन्ने धारणा पनि पाइन्छ ।

अर्को एक भनाइमा किरातहरु, ...वर्तमान बर्मा*(म्यान्मार)* बाट 'इरावती' नदीको किनारै-किनार भारतको आसाम हुँदै वर्तमान पूर्वी नेपालमा - यहाँ आबाद भएर रहेका

[३४]. प्रपन्नाचार्य, **पूर्ववत्**, (पादटिप्पणी सङ्ख्या-२६), पृ. २४१ ।

आदिम मूलनिवासी 'किरात'हरु वासस्थलहरुसम्म - आइपुगेको संकेत पाइन्छ,[३५] भनिएको छ । तर यस्को प्रमाणिक आधार भने देखिँदैन ।

लेखक बालचन्द्र शर्माले आफ्नो **नेपालको ऐतिहासिक रुपरेखा** नामक पुस्तकमा किरातहरु भोटबाट नेपालको पूर्वी क्षेत्रमा प्रवेश गरेको उल्लेख गरेका छन् । किरात अनुश्रुतिअनुसार अघि भोटस्थित 'ताशी-रब्का' भन्ने ठाउँको कुनै गोठालोको चमरी गाई (याक) हराएर छ । ऊ बालेङ्चुङबाट याङ्मा घाटतिर आई यसै गाईको पछि गोठालाहरुको एक दलले हिमालयको उब्जाउ दक्षिणी फाँटमा आएर बसोबास गरेको हो । किरातीहरुमा प्रचलित विश्वासअनुसार किरातीहरुको हिमालयवारि नै प्रथम आगमन थियो ।[३६]

अर्का लेखक पेशल दाहालले पनि किरात नेपाल आगमनको सङ्केतबारे चर्चा गरेका छन् । उनले ई.पू. २४०० तिर किरातहरुले आफ्नो मूलथलो बेबिलोन छाडेर अन्यत्र फैलिएको चर्चा गर्दै उनीहरुहरुको मूलथलो कसैले अफ्रिका महादेश, कसैले पर्सियाको उत्तरी मैदान, कसैले बेबिलोन, कसैले असिरिया, सुमेरु वा मिश्र मानेका छन् । तर, अर्कोथरि विचारमा भने किरातहरु बाहिरबाट आएका नभएर यहींका आदिवासी जाति हुन् भन्ने धारणा पनि पाइने कुराको चर्चा गरेका छन् ।[३७]

किरातहरुले प्राचीन कालमा नेपालको पूर्वबाट नेपाल (उपत्यका)मा आई गोपाल वंशका शासकलाई पराजय गरी आफ्नो राज्यव्यवस्था स्थापना गरी बसेको कुरा इतिहासबाट बुझिन्छ । कतिपय लेखकहरुले नेपालको राजनीतिक इतिहासको सुरुवात किरातकालबाटै थालनी भएको मानेका छन् तर किरातभन्दा पहिला गोपाल र महिषपाल वंशहरुले यहाँ राज्य सञ्चालन गरी बसेको पनि इतिहासबाट जानकारी पाइन्छ । यसरी किरातहरुले तत्कालिन समयमा सञ्चालन गरेको राज्यव्यवस्थाका बारेमा विभिन्न लेखकहरुले उल्लेख गरेका छन् । तर, सबै लेखकहरुमा अनुसन्धानबाट किरात राजाहरु नामावली र शासन अवधिबारे भने मतैक्य पाइँदैन । यसअनुसार प्राचीन कालमा नेपाल

---

[३५]. बाबुराम आचार्य, **नेपालको सांस्कृतिक परम्परा,** (काठमाडौं : प्रा. श्री कृष्ण आचार्य), वि. स. २०६८, पृ. १२ ।

[३६]. शर्मा, **पूर्ववत,** (पादटिप्पणी सङ्ख्या-२७), पृ. ३५-३६ ।

[३७]. दाहाल, **पूर्ववत,** (पादटिप्पणी सङ्ख्या-२२), पृ. ३२

उपत्यकामा राज्य गरेको भनिने किरातहरुको राज्यव्यवस्थाबारे विभिन्न लेखक तथा गन्थकारहरुले दिएको विवरणहरुलाई यहाँ चर्चा गर्न सान्दर्भिक मानिन्छ ।

नयनाथ पौडेलद्वारा सम्पादित पुस्तक **भाषावंशावली**मा दिइएको विवरणमा द्वापरयुग केही बाँकी रहेको समयमा पूर्वबाट आएका म्लेच्छ (किरात)ले महिषपाल राजालाई परास्त गरी आफ्नो राज्य स्थापना गरेको र किरातका पहिलो राजा यलम्ब थिए भनेका छन् ।[३८] यसैगरी उनले किरातहरुका पहिलो राजा यलम्ब र अन्तिम २८औं राजा गलिज भएको उल्लेख गर्दै जम्मा २८ पुस्ताका राजाहरुको नामावली दिएर उनीहरुले गरेको शासन-अवधि जम्मा १७४० वर्ष ३ महिना भएको विवरण दिएका छन् ।[३९]

ग्रन्थकार योगी नरहरिनाथले आफ्नो **इतिहासप्रकाशमा** सन्धिपत्रसंग्रह वि.सं. २०२२ सालमा प्रकाशित गरेको पाइन्छ । उनले पुस्तकमा नेपालमा राज्य गर्ने किरातहरुको विवरण उल्लेख गरेका छन् । उनले दिएको उक्त विवरणमा किरात पहिलो राजा श्रीयलम्ब वर्ष ९० र अन्तिम राजा श्रीखिगु वर्ष ८५ भनी जम्मा ३२ राजाहरुको नामावली र उनीहरुको शासनअवधि १८६३ वर्ष ८ महिना उल्लेख गरेको पाइन्छ ।[४०]

यस्तैगरी विदेशी लेखक कर्कपेट्रिकले पनि नेपालका राजनीतिक इतिहासका बारेमा कलम चलाएको पाइन्छ । उनले किरात राजा र राज्यव्यवस्था सञ्चालनबारे चर्चा गर्दै ती राजाहरु र शासनअवधिकाबारेमा आफ्नो पुस्तक **एन अकाउन्ट अफ् द किङ्डम अफ् नेपाउल** (दोस्रो संस्कराण)मा विवरण दिएका छन् । उनका अनुसार नेपालमा किरातका

---

[३८]. नायनाथ पौडेल (सम्पादक), **भाषावंशावली,** (काठमाडौं : पुरातत्व विभाग), वि.सं. २०२०, पृ. ४६ को विवरण अनुसार- "...यहाँ उप्रान्त श्रीपशुपतिनाथबाट अघि तीस हजार वर्षपछि दुइहजार वर्ष कलि लाग्दा म्लेच्छ राजा हुन्याछन् भन्न्या वाणी अनुसार कलि प्राप्त हुँदासमय नेपालमा राजा हुन्न्याहरु थोरै द्वापर युगका शेष छँदा पूर्व दिशादेखि महाप्रतापसँग आई महिसपाल राजासँग युद्ध गरी जिती नेपालका राजा भया । प्रथम किरात राजा श्री यलम्ब भोग वर्ष ९०...।"

[३९]. द्रष्टव्य : परिशिष्ट ३ ।

[४०]. द्रष्टव्य : परिष्टि ४ ।

पहिलो राजा येलुङ, अन्तिम राजा गुलिजुङ गरी जम्मा २७ जना राजाहरुले जम्मा १५८१ वर्ष १ महिना शासन गरेका थिए भनी उल्लेख गरेका छन् ।[४१]

अर्का विदेशी लेखक डेनियल राइटले पनि नेपालको इतिहासबारे **हिस्टोरी अफ् नेपाल** नामक पुस्तक प्रकाशित गरेको पाइन्छ । उनले आफ्नो पुस्तकमा किरातहरुबारे चर्चा गर्दै किरातका सातौं राजाका पालामा अर्जुनले कुरुक्षेत्रको लडाइँमा भिड्न आज्ञा गरेअनुसार कौरवको विरुद्धमा जितेदास्ती लड्न गएको उल्लेख गरेका छन् । साथै उनले पटनाका राजा अशोक सपरिवार नेपालको यात्रा गरी स्वयम्भू, गुजेश्वरी तथा बौद्ध चैत्यहरुको भ्रमण गरेको उल्लेख गर्दै किरातका २८औं राजा पटुकका पालामा आफ्ना दरबार गोकर्णमा सोमवंशी राजपुतको आक्रमणपछि त्यस स्थान छाडी शंखमूल तीर्थमा आएर अर्को दरबार निर्माण गरी बसेको कुरा उल्लेख गरेका छन् । किरात राजाहरुमा प्रथम राजा यलम्बर र अन्तिम राजा गस्ती गरी जम्मा २९ जनाको नामावली उल्लेख गरे पनि उनले शासनअवधिका बारेमा भने यलम्बरको मात्र १३ वर्ष उल्लेख गरेका छन् र अन्यको केही उल्लेख गरेको पाइँदैन ।[४२]

प्राचीन कालमा नेपाल उपत्यकाभित्र किरातहरुले राज्यव्यवस्था चलाएकोबारे धनवज्र वज्राचार्य र कमलप्रकाश मल्लले सम्पादन गरेको **द गोपालराजवंशावली** नामक पुस्तकमा पनि उल्लेख पाइन्छ । किरातकाल र शासनअवधिबारे चर्चा गर्दै उनीहरुले किरातका प्रथम राजा श्रीएलम् र भोग वर्ष ९० र ३२औं राजा श्रीखिगु र भोग वर्ष ८५ उल्लेख गरेर जम्मा ३२ पुस्ताका राजाहरुले नामावलीसहित शासनआवधि जम्मा १९६३ वर्ष ८ महिना भएको उल्लेख गरेका छन् ।[४३]

ग्रन्थकार स्वामी प्रपन्नाचार्यले पनि वेद, पुराण आदि प्राचीन ग्रन्थहरु अध्ययन गरी **वेदमा के छ ?** नामक पुस्तक प्रकाशन गरेका छन् । उक्त पुस्तकमा उनले प्राचीन कालमा उपत्यकामा राज्य गर्ने किरात राजाहरुको नामावली र उनीहरुको शासन अवधिका बारेमा

---

[४१]. कोलोनेल कर्कपेट्रि, **एन अकाउण्ट अफ् द किङ्डम् अफ् नेपाउल,** (न्यू देल्ही : मञ्जुश्री पब्लिशिङ हाउस), २०२६, पृ. २५७-२५८, द्रष्टव्य : परिष्टि ५ ।

[४२]. डेनिल राइट, **हिस्टोरी अफ् नेपाल,** (काठमाडौं : नेपाल एन्टीक्वेटेड बुक पब्लिशर), रिप्रिन्ट- वि. सं. २०२९, पृ. १०९-११२

[४३]. द्रष्टव्यः परिशिष्ट ६ ।

चित्रण गरेका छन् । उनले पहिलो किरात राजा श्री यलम्बर र अन्तिम राजा वैज गरी जम्मा २८ पुस्ताका राजाहरुले १७३६ शासन गरेको उल्लेख गरेका छन् ।[४४]

समग्रमा हालसम्म प्राप्त विवरणअनुसार किरात राजाहरुको नामावली, सङ्ख्या र शासनआवधि हेर्दा भाषावंशावलीअनुसार पहिलो किरात राजा श्रीयलम्ब भोग वर्ष ९० र अन्तिम अस्य पुत्र श्रीराजा गलिज भोगवर्ष ८१ समेत जम्मा २८ राजाहरु र उनीहरुको शासनअवधि १७४० वर्ष ३ महिना देखिन्छ । योगी नरहरिनाथले इतिहास प्रकाशमा सन्धिपत्र पुस्तकमा उल्लेख गरेअनुसार पहिलो राजा श्रीएलम्वर्ष ९० र अन्तिम राजा श्रीखिगु वर्ष ८५ गरी ३२ राजाहरु भएको र शासनअवधि १८६३ वर्ष ८ महिना देखिन्छ । कर्कपेट्रिकका अनुसार पहिलो राजा यलुङ् ९० वर्ष ३ महिना र अन्तिम राजा गुलिजुंग ८१ वर्ष गरी जम्मा २८ राजाहरुको शासन अवधि मात्र १५८१ वर्ष १ महिना मात्र देखिन्छ । डेनियल राइटले प्रथम राजा यलम्बर र अन्तिम राजा गस्ती गरी जम्मा २९ जना राजाहरुको नामावली उल्लेख गरे पनि शासनअवधिका बारेमा भने यलम्बरको मात्र १३ वर्ष मात्र उल्लेख गरेका र अन्यको केही उल्लेख गरेका छैनन् । गोपालराजवंशावलीअनुसार किरातका प्रथम राजा श्रीएलम् र र ३२औं राजा श्रीखिगु गरी जम्मा ३२ पुस्ताका राजाहरुको शासन-आवधि जम्मा १९६३ वर्ष ८ महिना देखिन्छ । र, स्वामी प्रपन्नाचार्यको विवणअनुसार पहिलो राजा श्रीयलम्बर र अन्तिम राजा वैज समेत २८ पुस्ताका राजाहरुले जम्मा १७३६ वर्ष शासन गरेको उल्लेख पाइन्छ । यस्तै लीलाभक्त मुनंकर्मीले पनि किरात शासन र राजाहरुको बारेमा उल्लेख गरेका छन् । उनले पहिलो र दोस्रो वंशावली भनेर दुईवटा विवरण दिएका छन् । पहिलो वंशावलीमा राजाहरुको संख्या २८ र शासन अवधि १०६० वर्ष; दोस्रो वंशालीमा राजाहरुको संख्या २७ र राज्य सञ्चालन गरेको अवधि १६३६ वर्ष १० महिना उल्लेख छ ।[४५] यस्तै अन्य धेरै लेखकहरुले पनि किरातबारेमा अध्ययन-अनुसन्धान गरेको पाइन्छ तथापि सबैजसो लेखकहरुको विवरणमा राजाहरुको नामावली, सङ्ख्या र शासनअवधिका बारेमा मतैक्य भने पाइँदैन ।

---

[४४]. द्रष्टव्यः परिशिष्ट ७ ।

[४५]. लीलाभक्त मुनंकर्मी, **नेपालको संस्कृति तथा ऐतिहासिक दिक्दर्शन,** (भक्तपुर : श्रीमती भवानी केशरी मुनंकर्मी), वि.सं. २०४१, पृ. २२-२४

किरातहरुले नेपालमा प्राचीन कालमा राज्य सञ्चालन गरेको वंशावलीहरुमा उल्लेख पाइए पनि यसबारे पर्याप्त अनुसन्धान नभएको कारण धेरै ऐतिहासिक प्रमाण (विशेषगरी मुद्रा तथा ऐतिहासिक लिखत)हरु प्राप्त छैनन् । ग्रन्थकार योगी नरहरिनाथले किरातहरुले तत्कालिन समयमा राज्य सञ्चालन गरेका स्थानहरु वर्णन गर्दै हाल राष्ट्रिय संग्राहलयमा राखिएको एउटा शिलाको मूर्तिलाई किरातका पहिलो राजा यलम्बर हाङको हो[४६] भनेका छन् (चित्रफलक नं १) । यसैगरी स्वामी प्रपन्नाचार्यले पनि किरातहरुले स्वदेश तथा विदेशका विभिन्न भूमिहरुमा राज्य गरेको उल्लेख गर्दै किरातकालिन समयको सचित्र वर्णन गर्दै उनीहरुका समयमा कुँदिएका केही मूर्तिहरुबारे उल्लेख गरेको पाइन्छ । उनले पशुपति आर्यघाटमा रहेको विरुपाक्षको मूर्तिलाई स्वामी प्रपन्नाचार्यले किरात राजा शंकुको भएको सचित्र वर्णन गरेका छन् । यसैगरी उनैले बालाजुस्थित मन्दिरमा रहेको शिलामूर्तिलाई किरात हारति र चाँगुनारायणको किराताकार गरुड मूर्ति भनी उल्लेख गरका छन्[४७] (चित्रफलक नं. २, ३ र ४) । यसैगरी हाल हनुमानढोका दरबारमा संरक्षित अवस्थामा रहेको लिच्छवीकालिन भनिएको एक शिलालेखमा '...किरातवर्षधर...' उल्लेख छ (चित्रफलक नं. ५) । यस बारेमा गौतमवज्र वज्राचार्यले पनि हनुमानढोका राजदरबार पुस्तकमा उल्लेख गरेका छन्[४८] (चित्रफलक नं. ६) । यसैगरी पशुपति क्षेत्रको मृगस्थलीमा रहेको किरातेश्वर शिवलिङ्ग पनि किरातकालिन भएको बुझिन्छ । जुन शिवलिङ्गसँग शिव तथा पार्वतीको कथा जोडिएको र शिव-पार्वतीले किरात-किरातिनी रुप धारण गरेको कुरा सम्पादक गौरीशंकर 'वसिष्ठ'द्वारा सम्पादित स्कन्दपुराणमा चर्चा गरेको पाइन्छ[४९] (चित्रफलक नं. ६) । यसले पनि प्राचीन कालमा उपत्यकामा किरातहरु रहेको कुरा

---

[४६]. योगी, नरहरिनाथ, (सम्पादक), **इतिहासप्रकाशमा सन्धिपत्रसंग्रह**, (दाङ : आध्यात्मिक सम्मेलन), वि.सं. २०२२, पृ. १८४ को विवरणअनुसार- "... तीन सहर खाल्टो जलमय हुँदा कीर्तिपुर दहचोक मातातीर्थ गोदावरी गोकर्ण भइमाल विशालनगर जयवागीश्वरी बाणेश्वर इत्यादि क्रमैसँग परिवर्तित राजधानीहरुमा अनेक शाखाका किराती राजाहरुले राज्य गरे । त्यो बेलाका शिवभक्त हाङ् राजाहरुले स्थापना गरेका आदेश्वर (आदीश्वर=थानेश्वर) भृङ्गेश्वर (भृङ्गीश्वर) किरातेश्वर, गोभ्राटेश्वर, पशुपति, मृगेश्वर, आर्यादेवी, विरुपाक्ष, थानेश्वर, सिद्धेश्वर, गौरीकुमार इत्यादि शत सहस्र देवताहरुका कलापूर्ण प्राचीन प्रतिक अद्यापति छन्..." उनले किरात पहिलो राजा यलम्बरको मूर्ति हो भनेको मूर्ति राष्ट्रिय संग्राहलयमा छ ।

[४७]. प्रपन्नाचार्य, **पूर्ववत्**, (पादटिप्पणी सङ्ख्या-२६), पृ. २८८ ।

[४८]. गौतमवज्र वज्राचार्य, **हनुमानढोका राजदरबार**, (काठमाडौं : नेपाल र एसियाली अध्ययन संस्थान), वि.सं. २०३३, पृ. १९५ ।

[४९]. गौरीशंकर 'वसिष्ठ', (सम्पादक), **श्रीस्वस्थानी-व्रतकथा**, (बाराणशी-१: बम्बई बुक डिपो), ...?), पृ. ३२३-३२६

ऐतिहासिक प्रमाण मान्न सकिन्छ । यसरी स्वदेशी तथा विदेशी ग्रन्थकारहरुबाट भएको आजसम्मको विवरणहरुबाट प्राचीन कालमा नेपाल उपत्यकामा किरात वंशका धेरै राजाहरुले लामो समयसम्म शासन गरी बसेको मान्न सकिन्छ ।

## ३.४ राई शब्दको उत्पत्ति र अर्थ

राई शब्दको उत्पत्तिबारे चर्चा गर्नुभन्दा पहिले राई शब्दको शाब्दिक अर्थलाई हेर्नु सान्दर्भिक हुन्छ । वसन्तकुमार शर्म्मा 'नेपाल'द्वारा लिखित **नेपाली शब्दसागर**मा राई शब्दको अर्थ उस्तो उल्लेख भएको पाइन्छ :

> **राई-** [प्रा. राइअ, राव, राय, ना.] प्राचीन नेपाली भाषामा राजालाई बुझाउने कर्णाली प्रदेशको सम्मानबोधक शब्द, नेपालको किराँती एक जाति, प्राचीनकालमा सरकारी मालपोत वा तिरोभरो उठाउने पदाधिकारी, रायो, पिप्लाको साग ।[५०]

यी शाब्दिक अर्थलाई हेर्दा 'राई' प्राचीन समयमा राजालाई जनाउने सम्मानबोधक शब्दको रुपमा स्थापित भएको पाइन्छ । पछि किरातमध्येका एक जातिलाई बुझाउने जातिबोधक शब्द बन्न पुगेको देखिन्छ । ती 'राई'हरु जसलाई नेपालको एक प्राचीन जातिको रुपमा चिनिने गरिएको छ ।

राई शब्दको पहिलो उत्पत्तिबारे आधिकारिक तथा ऐतिहासिक विवरण सम्पादक योगी नरहरिनाथको **इतिहासप्रकाश** नामक पुस्तकमा पाइन्छ । जसअनुसार 'राई' शब्दको पहिलो लिखित ऐतिहासिक विवरण जुम्लाका खस मल्लकालिन राजा पुण्य मल्लदेवको श्रीशाके १२५८ को कनकपत्र १ मा '...राईको आदेस्' भनिएको छ र यसको अनुवादमा 'राजाको आदेश यस्तो छ' भनी राईलाई राजाको संज्ञा दिएको पाइन्छ ।[५१] उनै पुण्य मल्लकै श्रीशाके १२५९ को कनकपत्र २ मा पनि 'राइको आदेस्' भनी अनुवादमा राईको आदेस्-

---

[५०]. वसन्तकुमार शर्म्मा 'नेपाल', **नेपाली शब्दसागर,** (काठमाडौं : भाभा पुस्तक भण्डार), वि.सं. २०५७, पृ. ११२३ ।

[५१]. नरहरिनाथ, **पूर्ववत्,** (पादटिप्पणी संख्या-४५), पृ. ७६१-७६२ को विवरण- "श्रीशाके १२५८ कात्तिक सुदि विजयदशम्या रविवारे । पिउ थर्पु [१२] राज करि अक्न्या भाखा पसा भै । राइको आदेस्' ...अनुवादमा 'शाके सम्बत १२५८ कार्तिक शुक्लपक्ष विजया दशमीका दिन  विजया दशमीका दिन [वडा दशैं टीका] रविवारमा । जुम्ला राजधानी पिउथर्पुमा राजगरी रहनु भएका बेला यो भाषा प्रसाद [विर्ता]  दिनुहुन्छ । राईको आदेश यस्तो छ...।"  द्रष्टव्य : परिशिष्ट ८ ।

राजाको आदेश भनिएको छ ।[५२] यस्तै पुण्य मल्लपुत्र पृथ्वीमल्लले श्रीशाके १२८० मा जारी गरेको ताम्रपत्रमा पनि राईको आदेस् र अनुवादमा राजा पृथ्वी मल्लदेवको आदेश-आज्ञा छ भनिएको छ ।[५३] यस्तै पृथ्वी मल्लपुत्र अभय मल्लको शाके १२९८ को ताम्रपत्रमा समेत राइको आदेस् र अनुवादमा राजाको आदेश भन्ने उल्लेख छ ।[५४] यसरी जुम्ला सिँजाका तत्कालिन खस मल्ल राजाहरुका पुण्य मल्लदेखि उनका नाति अभय मल्लसम्म नै 'राई' शब्दलाई राजाको अर्थमा प्रयोग गरेको देखिन्छ ।

यस्तै योगी नरहरिनाथले सोही पुस्तकमा लिम्बू भाषामा लेखिएको विवरण पनि उल्लेख गरेका छन् । त्यसमा पनि 'राई' शब्दलाई राजाकै रुपमा प्रयोग गरिएको छ । जुन विवरणमा मोरोङ विजयपुरमोहाङ बुद्धकर्न राई, चौविस मो हाङ जमुन राईलगायत धेरै राईहरुको नाम उल्लेख गरिएको पाइन्छ ।[५५] यी लिखित विवरणहरुबाट पश्चिमको खस मल्ल राजाहरुले मात्र राजाको अर्थमा 'राई' शब्द प्रयोग गरेको नभई पूर्वका किरात क्षेत्रहरुमा पनि राजालाई 'राई' नै भन्ने गरेको बुझिन्छ ।

अर्का लेखक सत्यमोहन जोशीद्वारा लिखित **कर्णाली लोक संस्कृति** पुस्तक २०२८ सालमा प्रकाशित भएको छ । कर्णाली खसमल्लहरुको विषयमा प्रकाश पार्दै लेखिएको उक्त पुस्तकमा उनले पृथ्वी मल्लको शाके १२७८ मा लेखिएको कनकपत्रको फोटोसहित हस्तलिखित विवरण पनि दिएका छन् । यस विवरणमा श्रीशाके १२७८ श्रवणसुदि १० शुक्रे

[५२]. **उही**, पृ. ७६२-७६३ को विवरण- "...श्रीशाके १२५९ वैशाष सुदि १३ रवौ पिउथर्पु राज करि अक्न्या भाष पसा भै । राइको  आदेस् । अनुवादमा, श्रीशाके १२५९ बैशाख शुक्लपक्ष १३ त्रयोदशी रविवारका दिन पिउथर्पु बैराठविराटपीठ सिंजा लामाथाडा माथि डाँडामा राज गरेर विर्ताको भाषा कनकपत्र प्रतिज्ञा प्रसाद प्रदान भयो । राइका आदेस्-राजाको आदेश ।"  द्रष्टव्य : परिशिष्ट ९ ।

[५३]. **उही**, पृ. ७७०-७७१ को विवरण- "...श्रीशाके १२८० श्रीसंवत् १४१५ मार्गशिरवदि १३ सोमे । राइको आदेस् ।" अनुवादमा "श्रीशाके  १२८० श्रीसंवत् १४१५ मार्गशिर ब. दि. सोमबार मा राइको आदेस  (राजा पृथ्वीमल्लदेवको आदेश-आज्ञ) छ... ।" द्रष्टव्य : परिशिष्ट १० ।

[५४]. **उही**, पृ. ७७२-७७३ को विवरण- "...श्रीशाके १२९८ फाल्गुनवदि रवौ । राइको आदेस् । अनुवादमा, '...श्रीशाके १२९८ फाल्गुनवदि बहलदिवा ७ सप्तमी रविवारका दिन राजाको आदेश ।" द्रष्टव्य : परिशिष्ट ११ ।

[५५]. **उही,** पृ. ४५८ को विवरण- "...मोरोङ् विजयपुरमोहाङ् बुद्धकर्नराई, चौविस मो हाङ् जमुन राई पाँचथर मो हाङ् फुङ राई, आथराई मो हाङ् जंगराइ, फेदाप मो हाङ् आतहाङ्राई, याङ्रुप मो हाङ् मोङपा हाङ्राई, तम्बरमा हाङ सुभवन्त राई, मेवा मो हाङ रैनसिङ राई, माईवा मो हांङ श्रीदेवराई, ६ थर मो हाङ आसदेवराइ, चैनपुर मो  हाङ् हर्षमुखी राइ, अरुण मो हाङ् सुनु हाङ राई...।"

राइको आदेस्, पर्विलि आदित्यपल्ल राइका पुण्यमल्ल राइका भनी चर्चा गरिएको पाइन्छ ।[५६] यहाँ पनि 'राई' शब्दलाई राजाकै अर्थमा लिएको देखिन्छ । यसरी यो ऐतिहासिक विवरणबाट राई शब्द सुरुको अवस्थामा राजाको पदीय अर्थबाट उत्पत्ति भएको र पछिल्लो समयमा जातिको रुपमा स्थापित भएको देखिन्छ । अन्य पुस्तक तथा लिखित विवरणहरुबाट पनि यस्तै बुझिन्छ ।

यस्तैगरी बालकृष्ण पोखेलले पनि आफ्नो पुस्तक **पाँच सय वर्ष**मा 'राई' शब्दलाई राजाको अर्थमा प्रयोग भएको विवरण दिएको पाइन्छ ।[५७]

यस प्रकार विभिन्न ऐतिहासिक दस्तावेजहरुलाई हेर्दा 'राई' शब्द लिखित रुपमा सर्वप्रथम सिंजाक्षेत्रका खस मल्ल राजाहरुको पालादेखि राजाको अर्थ लाग्ने गरी उल्लेख भएको देखिन्छ । पूर्वका किरात प्रदेशमा पनि 'राई'लाई राजाकै अर्थमा प्रयोग गर्दै आएको भए पनि ऐतिहासिक प्रमाणहरु खोजी भएको पाइँदैन । यसैले ऐतिहासिक प्रमाणको आधारमा पश्चिमको खस मल्लकालिन समयलाई नै 'राई' शब्दको पहिलो उत्पत्तिको आधार मान्दा राजाको रुपमा यसको प्रयोग वि.सं. १३९३ मा भएको देखिन्छ । तर, स्वामी प्रपन्नाचार्यको भनाइमा यो राई शब्द वि.सं. १३९३ भन्दा धेरै अगाडि नै आएको हो । उनले गढवालको श्रीनगरस्थित टहरी महाराजको मन्त्री इतिहासकार हरिकृष्ण रतूरीको पुस्तकालयमा सङ्कलित हजारौं ग्रन्थहरुमध्ये हर्कबली रायको काव्यसुधनिधिः ग्रन्थको टिप्पणीको अन्तिम पुष्पिकामा, 'इति श्री नेपालस्य पूर्वाञ्चल-खोटाङक्षेत्रवास्तव्येन चामलिङरायकुलभूषणेन हर्कबलीना विचरिता टिप्पणी समाप्त शाके १०१७ शुभम्' उल्लेख छ भनी लेखेका छन् ।[५८]

---

[५६]. सत्यमोहन जोशी, **कर्णाली लोक संस्कृति,** (काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान), वि.सं. २०२८, द्रष्टव्य : परिशिष्ट १२ ।

[५७]. बालकृष्ण पोखरेल, **पाँच सय वर्ष,** (काठमाडौं : साझा प्रकाशन), वि.सं. २०३१, पृ. १८९-१९० को विवरण- "…तव वासुदेव भट्टराई षत्रीले पनि, ई मेरा भाई गर्भराज राईपट्टि वसि मतो गर्न जान्छु, भनि विन्ती गर्दा "लौ" भनि राजाको हुकुम भएको र नरजित राई राजाले नरेन्द्र साहेवलाई समुद्र गढीमा रजाई थापनाले, हे वसुदेव भट्टराई षत्री, आजदेषि तिम्रो षत्री पद भयो पद रह्यो भनेको चर्चा रहेका छन् । यसैगरी, प्रन्त नरीन्द्र राई राजाका दरवारमा जेठो दसै वसुदेव थापाका सन्तानले गराउनु, तसलाई नषोसनु । अघिबाट निज दसैको पूजा नरीन्द्र राजाका सन्तानको गर्नु, पछिबाट वसुदेव थापाका सन्तानको गर्नु, गर्भ राई भट्टलाई दसैमा सम्पूर्न दछिना दिनु । ओढन धोति दिनु, १ वोका दसैको नेग दिनु । -यति वन्दवस्त गरि नरेन्द्र राजा समुद्र गडीमा रजाई गरि रह्याका १३ वर्षमा तन्का वावा रणजित राई राजा स्वर्गे भया...।"

[५८]. प्रपन्नाचार्य, **पूर्ववत्,** (पादटिप्पणी संख्या-२६), पृ. ३३१ ।

यहाँ हर्कवलीको नामपछि राय लेखिएको भए पनि उनी राई भएको लेखकको भनाइ छ र राई समुदायभित्रको चामलिङ जोडिनाले पनि उनी राई नै भएको पुष्टि हुन्छ । यस्तैगरी उनैका अनुसार त्रिपुराको राजमालामा पनि 'राई' शब्द पाइन्छ । उनले हस्तलिखित सामग्रीमा 'राई' शब्द भए पनि छापिएको ग्रन्थमा 'राय' शब्द पाइन्छ भनी उल्लेख गरेका छन् ।[५९] यी विवरणहरुबाट राई शब्द धेरै प्राचीन देखिन आउँछ । तर, उनको भनाइअनुसार राय शब्दबाट राई भएको व्याख्या स्वीकारयोग्य छैन । किनभने, उनैको भनाइमा राईभन्दा राय शब्द पछि स्थापित भएको देखिन्छ । यो कुरा अन्य विवरणहरुबाट पनि पुष्टि हुन्छ ।

पूर्वका किरात क्षेत्रमा पृथ्वीनारायण शाहको राज्य एकीकरणपूर्वसम्म पनि 'राई' शब्द राजाको रुपमा प्रयोग हुँदै आएको विभिन्न विवरणहरुबाट देखिन्छ । पृथ्वीनारायणको राज्य एकीकरणपूर्व पूर्वी पहाडी किरात शासकहरुलाई राई भन्ने गरेको विभिन्न लिखतहरुबाट जानकारी पाइन्छ । तर, पृथ्वीनारायण शाहको राज्य एकीकरणपछि 'राई' (राजा) पद हटेको र यो शब्द विशेषगरी ती राई (राजा)का सन्ततिले आफ्नो जातिको रुपमा ग्रहण गरी आएपछि नै किरातमध्येकै एक जातीय समूहको रुपमा स्थापित भएको अनुमान गर्न सकिन्छ । किनभने, आजसम्म पनि प्राचीनकालमा शासन गरी राई पदवी ग्रहण नगरेका किरात समूहकै कतिपयले आफूलाई राई समूहको भन्न रुचाउँदैनन् । यस प्रकार 'राई' शब्द पदीय हैसियतबाट वा कुनै पेशा, व्यवसाय अथवा कुनै स्थान विशेषबाट अनेकन जातिले प्रयोग गर्दै आएको धेरै उदाहरणहरु छन् । यसबारे उदाहरणको रुपमा यो देशका पछिल्लो शासक मानिएका शाह, राणाहरुलाई लिन सकिन्छ भने अन्य उदाहरणमा रत्नाकार देवकोटाको **बृहत् जुम्ला राज्यको ऐतिहासिक विवेचना** नामक पुस्तकबाट धेरै जानकारी पाइन्छ ।[६०]

कतिपय व्यक्तिहरुले 'राई' उपाधि पृथ्वीनारायण शाहले पूर्वका केही किरातहरुलाई देशको एकीकरणपछि दिएको पदवी हो भनेको पनि पाइन्छ । तर, उल्लिखित विवरणहरुबाट यस्तो देखिँदैन । किनभने, 'राई' शब्द राजाको रुपमा प्रयोगमा आएको करिब ३८६ वर्षपछि मात्र पृथ्वीनारायण शाहको उदय भएको देखिन्छ । यसो हुँदा 'राई' शब्द पृथ्वीनारायण शाहले

---

[५९]. **उही,** पृ. ४३७ ।

[६०]. रत्नाकार देवकोटा, **बृहत जुम्ला राज्यको ऐतिहासिक विवेचना,** (काठमाडौं : कुमार खड्का प्राइभेट स्टडिज), वि.सं. २०६४, पृ. १६५-१६९ ।

दिएको पदवी भन्नु काल्पनिक मात्र देखिन्छ । यो कुरा राज्यएकीकरणभन्दा केही पहिले पृथ्वीनारायण शाहले किरात प्रदेशका राईहरुलाई लेखेको पत्र र अन्य विवरणहरुबाट पनि बुझ्न सकिन्छ । नयराज पन्तले **श्री ५ पृथ्वीनारायण शाहको उपदेश** नामक पुस्तक लगभग २०१९-२०२० तिर प्रकाशित गरेका छन् । यस पुस्तकमा उनले पृथ्वीनारायण शाहले राज्य एकीकरण गर्दाको समयमा विभिन्न क्षेत्रहरुमा भएको आक्रमण र त्यस समयमा लेखिएका विभिन्न विवरण तथा चिठ्ठीपत्रहरुको विवरण दिएका छन् । जसअनुसार वि.सं. १८२९ भाद्रमा माझकिरात तथा १८३० भाद्रमा विजयपुर अंबल भएको थियो । त्यसबखत माझकिरातको पामाखाम र रावाखोलामा अटल राय र चतमे राय नामक दुई किराती सरदारहरु आपुंगे राजा भई राज गर्दै गरेको चर्चा गर्दै अन्य धेरै नामहरुमा राई लेखिएको विवरण उल्लेख गरिएको छ ।[६१] यहाँ राय शब्द प्रयोग भए पनि उनीहरु राई नै भएको कुरा इमानसिं चेम्जोङ तथा अन्य लेखकहरुले रायको स्थानमा राई लेखेबाट पनि पुष्टि हुन्छ ।[६२]

यसरी नयराज पन्तले लेखेको पुस्तकका अनुसार तत्कालिन समयमा पृथ्वीनारायण शाहले माझकिरातका जङ्ग राईहरुलाई वि.सं. १८३१ मा लेखेको पत्रमा पनि राई शब्द उल्लेख छ । यसै पत्रको व्याख्यामा आठराई प्रदेशका जङ्ग राई, पाँचथर प्रदेशका फुङ्ग राई, चौबीस प्रदेशका जमुना राई आदि केही राई सुब्बाहरु पृथ्वीनारायण शाहसँग मिल्न आए तर कतिपय राईहरु पृथ्वीनारायण शाहसँग लड्ने तयारीमा लागेका थिए भन्ने पनि चर्चा गरिएको छ ।[६३] यसैकारण पृथ्वीनारायण शाहले 'तिमीहरुलाई मात्रै पिछामा लिई यो अधिकार दिइएको हो, नौलाख राईपट्टि चाहिं होइन, उनीहरुलाई मास्ने हो भन्ने आशय पत्रमा छ ।

---

[६१]. नयराज पन्त र अरु, **श्री ५ पृथ्वीनारायण शाहको उपदेश,** श्रीदरबार ललितपुर : जगदम्बा प्रकाशन, मिति नभएको (खण्ड तीन), ... ?, पृ. ९१५-९१७ को विवरण- "श्रीजङ्ग राय आठराईका, श्रीफुङ्ग राय पाँचथरका, श्रीजमुन राय चौविसका, श्रीआतहाङ्ग राय फेदापका, श्री शुभवन्त राय तम्बर खोलाका, श्रीरैनासिं राय मेवाखोलाका, श्रीदेव राय मैवाखोलाका, श्रीयङ्याहादाङ्ग राय याङरोकका, श्रीसुनु हाङ छथरका, श्री आसदेव चारखोलाका र श्रीजसमुखी चैनपुरका सुब्बाहरु...।" द्रष्टव्य : परिशिष्ट १३ ।

[६२]. इमान सिं चेम्जोङ्, **हिस्टोरी एण्ड कल्चर अफ द किरात पिपल,** (ललितपुर : किरात याक्थुङ् चुम्लुङ्), २०६०, पृ. १७९

[६३]. पन्त, **पूर्ववत्,** (पादटिप्पणी संख्या-६०) द्रष्टव्य : परिशिष्ट १४ ।

यसरी पृथ्वीनारायण शाहले योगी भगवन्तनाथलाई लेखेको पत्र सङ्ख्या ७० मा[६४] र अभिमानसिंह बस्नेतलाई लेखेको पत्रमा समेत 'राई' शब्द उल्लेख गरेको पाइन्छ ।[६५]

अर्का विदेशी लेखक बिक्रमजित हसरत र डोनोभेन विलियमले हिस्ट्री अफ् नेपाल पुस्तक सन् १९७० मा प्रकाशित गरेको पाइन्छ । यसमा दिएको [६६] वंशावलीका नामहरुमा पनि केही नामहरुमा राई जोडिएका छन्, जसमा १८ जनाको नाम 'राई' जोडेर लेखेका छन् । यसअनुसार पृथ्वीनारायण शाहभन्दा ४० पिंढीअगाडि नै 'राई' शब्द प्रयोगमा आइसकेको देखिन्छ । यसबाट पनि 'राई' शब्द पृथ्वीनारायणभन्दा धेरै प्राचीन देखिन आउँछ ।

लेखक दिनेशराज पन्तले **गोरखाको इतिहास** नामक पुस्तक (तेस्रो भाग) २०४५ सालमा प्रकाशित गरेका छन् । यो पुस्तक पृथ्वीनारायण शाहको बाबु नरभूपाल शाहको पालाको विवरणहरुलाई उल्लेख गर्ने क्रममा लेखिएको देखिन्छ । लेखकले यस पुस्तकमा राई शब्द जोडिएका नामहरु उल्लेख गरेका छन् ।[६७]

यस्तै अर्का लेखक रामचन्द्र राईले बुढासुब्बा मोरङका राजा बुद्धिकर्ण राईको समाधिस्थलको उल्लेख गर्दै बुद्धिकर्णको नामअगाडि काजी देवान आदि उपाधि जोडेको देखिन्छ तापनि उनको नामपछाडि राई उपाधी उल्लेख गरेका छन् । उनका बाबुलाई चौतारिया भनी उल्लेख गरिएको छ । उनका अनुसार वि.सं. १४२१ मा साङलाइङ मोरङका राजा भए । साङलाइङका छोरा पुङलाइङको अर्को नाम अमर राई थियो । लेखकले यिनै अमर राईका सन्तान कीर्तिनारायण राई, आपनारायण राई, जराईनारायण राई,

---

[६४]. **उही,** द्रष्टव्य : परिशिष्ट १५ ।

[६५]. **उही,** द्रष्टव्य : परिशिष्ट १६ ।

[६६]. बिक्रम जीत हस्रत एण्ड डोनोभान विलियमस्, **हिस्टोरी अफ् नेपाल,** (पञ्जाब : क्रिशन नगर, होशियारपुर), वि. सं. २०२७, पृ. १६५ को विवरण- "... (5) Audanbar Rai, who was followed by (6) Bhatuak Brahma and (7) Bir Bikram Rai, Bir Bikram Rai's family quarralled and one of them called (8) Jilha Rai leaving chitor came to the hills. He was followed in succession by (9) Ajilah Rai and (10) and Atal Rai (11) and Tutha Rai and (12) Bimik Rai ( the 12th from Ayat aforesaid) and (13) Brahma Rai and (14) Hari Rai and (15) Bakham Rai (16) Manorat Rai and (17) Jai Rai and (18) Jagat Rai (19) and Bhoj Rai and (20) Bhupat Rai (who came to Lasarga) and (21) Bramhanath Rai and (22) Manmat Rai and (23) Bhupal Rai and (who became the Raja of Bhirkot and Khilong) … "

[६७]. दिनेशराज पन्त, **गोरखाको इतिहास,** (तेस्रो भाग), (काठमाडौं : लेखक स्वयं), वि.सं. २०४५, पृ. ७५७-७६७ को विवरण- "...2S गिरिधर राइके बरेषीकन, 1S चाउर आले धनेश राइका, 10S हाकुसिं हाकु राइहस्ते मासके, 1S जगदीप राइके षर्च, ॥1 षाँडके हरि राइहस्ते...।"

इङदिमनारायण राई र विजयनाराण राई गरी सात पुस्ताले शासन गरेका थिए भनी चर्चा गरेका छन् ।[६८]

यसरी 'राई' शब्द सुरुमा कुनै जातिको रुपमा नभएर राजा/शासक अर्थ लाग्ने पदीय जिम्मेवारीको अर्थमा स्थापित भएको तर पछिल्ला दिनहरुमा आइपुग्ददा यो 'राई' शब्द विशेषगरी पृथ्वीनारायण शाहको राज्य एकीकरणपछि किरातभित्रकै एक जातिगत समूहको रुपमा स्थापित हुन आएको हो भन्ने बुझिन्छ । किनभने, तत्कालिन समयमा त्यस क्षेत्रका सवै किरातहरुलाई राई भनिँदैन थियो जो राजा छ उसलाई मात्र राई भनिने र बाँकी अन्य सवैलाई थरगत रुपमा चिनिने गर्दथे । जस्तै साम्पाङ, बान्तवा, नाछिरिङ, दुमी आदि । र, अन्य गैरकिरातहरुलाई त्यो क्षेत्रका रैतिको रुपमा हेरिने गरेको बुझिन्छ । पछि राजाको पद हटेपछि नै त्यस भेगका सवैजसो किरातहरुले आफूहरुलाई राई भन्न थाले ।

यता कतिपय लेखकहरुले 'राय' शब्दबाटै 'राई' भएको हो र 'राई'भन्दा 'राय' शब्द अगाडि आएको हो भन्ने तर्कहरु पनि दिएको पाइन्छ । तर, यससम्बन्धी पर्याप्त प्रमाणहरु छैनन् । यो अनुमानमा आधारित देखिन्छ । बरु 'राई'भन्दा 'राय' शब्द पछि आएको हो भन्ने कुरा भने केही लेखकहरुका विवरणमा पाइन्छ । जसको उदाहरणहरुमा स्वामी प्रपन्नाचार्यले त्रिपुराको हस्तलिखित राजमालामा 'राई' शब्द पाइने तर छापिएको ग्रन्थमा 'राय' शब्द भएको उल्लेख गरेका छन् ।[६९] यसैगरी इमानसिं चेम्जोङका अनुसार मुरेहाङ फेदाप देशका एक आपुंगी राजा रहेको र यिनी युद्धमा हारी विजयनारायणको शरण परेका थिए । विजयनारायण राजाले मुरेहाङलाई सामन्त प्रथाबमोजिम हक दिई युद्धमा सारा किरात फौजले उनलाई सहयोग गर्ने कवुल गराई मन्त्री बनाएर 'राय' पद दिएका थिए ।[७०] यसले 'राय' शब्द केवल मन्त्री पदको रुपमा मात्र देखिन आउँछ । यसैगरी सन् १८०८ मा अंगद राईलाई राय पगरीको उपाधिसहित किपट दिएको थियो भनी खड्गविक्रम चाम्लिङले लेखेका छन् ।[७१] यस भनाइबाट पनि 'राई'भन्दा 'राय' शब्द पछि आएको हो भन्ने देखिन्छ ।

---

[६८]. रामचन्द्र राई, "राई र सुब्बा उपनाम सम्बन्धमा" **निप्सुङ विशेषाङ्क,** वर्ष..., (२०५४), पृ. ८३ ।

[६९]. प्रपन्नाचार्य, **पूर्ववत्,** (पादटिप्पणी संख्या-२६), पृ. ४३७ ।

[७०]. इमानसिंह चेम्जोङ, **किरात इतिहास,** (ललितपुर : किरात याक्थुङ चुम्लुङ), (पाँचौं संस्करण), वि.सं. २०५९, पृ. २६ ।

[७१]. खड्गविक्रम चाम्लिङ राई, **किरात ऐतिहासिक घटनाक्रम,** (लालितपुर : श्रीमती मेनुका लिम्बू), (दोस्रो संस्करण), वि.सं. २०५९, पृ. पृ. ७८ ।

यसैगरी कतिपय लेखकले त्यही शब्द कतै 'राई' त कतै 'राय' लेखेको पनि पाइन्छ । इमानसिंह चेम्जोङले लेखेको अङ्ग्रेजी पुस्तक **हिस्ट्री एन्ड कल्चर अफ् द किरात पिपल**मा धेरै किराती राजाहरुको नामपछि 'Rai' उल्लेख गरेका छन् भने नेपाली पुस्तक 'किरात इतिहास'मा भने ती सवै नामहरुमा 'राय' लेखेको देखिन्छ । यसबाट पनि यो शब्दका बारेमा लेखक नै प्रस्ट नभएको र भ्रम सृजना भएको देखिन्छ ।

पृथ्वीनारायण शाहले राज्य एकीकरणको समयमा आफूले विजय गरेको क्षेत्रमा त्यहींका स्थानीय व्यक्तिहरुलाई सामान्य अधिकार दिएर प्रशासन सञ्चालन गर्ने रणनीतिअनुसार माझकिरातका गाउँघरहरुमा 'राई' पदकै रुपमा दिएका थिए । तर, पछि पनि एकीकरणपूर्वकै शासकीय संरचना रहेको स्थानीय व्यक्तिहरु बताउँछन् ।[७२] जसअनुसार त्यस क्षेत्रका पुरानो राज्य सञ्चालनको प्रशासकीय स्वरुप निम्न प्रकारको भएको बुझिन्छ :

१. राई = राजा/तालुक/प्रमुख
↓
२. जेठा बुढा = आदेश दिने
↓
३. माथा = रकम उठाउने
↓
४. कर्ता = प्रहरी तथा सेना सङ्गठन
↓
५. गौरुङ = सहयोगी

## ३.५ जातीय संरचनामा पूर्वी नेपालका राईहरु

पूर्वी नेपालको पहाडी क्षेत्र मूलतः किरात राईहरुको आदिम थलो भए तापनि अन्य समुदायका मानिसहरुको पनि बसोबास छ । यहाँको हिमाली क्षेत्रमा शेर्पा, गुरुङ आदि जातिको बाहुल्य छ भने तराई-मधेसमा आदिवासी/जनजाति भनिने थारु, दनुवार, कोचे, मेचे, राजवंशी र भारतीय मूलका व्यापारिक समूहका मानिसहरु पनि बसोबास गरेको पाइन्छ । यहाँको पहाडी प्रदेशमा किरात समूहका राई समुदायभित्रका विभिन्न जातिहरु, लिम्बू, सुनुवार, याक्खाका अतिरिक्त तामाङ, बाहुन, क्षेत्री, नेवार, मगर र कामी, दमाई, सार्की जस्ता व्यावसायिक समूहहरुको पनि सामान्य उपस्थिति रहेको छ । वर्तमानमा पहाडी

[७२]. स्थानीय भनाइमा आधारित ।

क्षेत्रबाट तराईतिर बसाइँ-सराइ गर्ने क्रम पनि बढ्दो छ । यी सबैको धर्म, संस्कृति, परम्परा आ-आफ्नै भए पनि एकअर्काबाट प्रभावित छन् । यस सन्दर्भमा राई समुदायभित्रका विभिन्न जातीय समूहहरुको आफ्नै जातीय परम्परा, मूल्य, मान्यताहरु रहेका छन् । प्राचीन जातीय व्यवस्थाका सामाजिक, धार्मिक, सांस्कृतिक, प्रथा, परम्पराका नियम कठोर भए पनि वर्तमानमा त्यस्तो स्थिति देखिँदैन ।

नेपालको पूर्वाञ्चलका १६ जिल्लाहरुमध्ये माझकिरातको रुपमा खोटाङ, भोजपुर, ओखलढुङ्गा, उदयपुर, सोलुखुम्बु र संखुवासभालाई चिनिन्छ । यी ठाउँहरु राई समुदायको बाहुल्य क्षेत्र हुन् । यहाँ राईहरुको सामाजिक प्रभाव छ । वर्तमानको सङ्घीय संरचनाले राईहरुको बाहुल्य अझ बढ्ने अनुमान गर्न सकिन्छ । वि.सं. २०५८ को राष्ट्रिय जनगणनाको तथ्याङ्कमा पूर्वाञ्चल क्षेत्रको एकमुष्ठ जनसङ्ख्या पुरुषको २,६७०,६२२ र महिलाको २,६७३,८५४ गरी कुल ५,३४४,४७६ रहेको देखाइएको छ ।[७३]

### ३.५.१ राई जाति र बसोबासका क्षेत्रहरु

प्राचीन जातिको रुपमा चिनिएका मङ्गोल समूहमा पर्ने भनिएका किरात समुदायअन्तर्गत पनि राई समुदायमा आफूहरुलाई सुम्निमा र पारुहाङको सन्तान मान्ने आफ्नो छुट्टै भाषा, संस्कार, संस्कृति, मूल्यमान्यताहरु रहेका धेरै जातिहरु रहेको पाइन्छ । कसैले राई समुदायभित्र २२-२४ जातिहरु रहेको चर्चा गरेको पाइन्छ भने कसैले ३० भन्दा धेरै भएको पनि बताएका छन् । यसबारेमा समग्र अध्ययन हुन सकेको छैन ।

कृष्ण राईले दिएको विवरणअनुसार किरात राई समुदायभित्र २८ जातिहरु देखिन्छ- १) आठपहरिया, २) कुलुङ, ३) कोयू, ४) खालिङ, ५) चामलिङ, ६) उम्बुले [वाम्बुले], ७) छुक्वा/पोहिङ, ८) छिन्ताङ, ९) छिलिङ/छुला, १०) जेरुङ, ११) तिलुङ, १२) थुलुङ, १३) दुङ्माली, १४) दुमी, १५) नाछिरिङ, १६) पुमा, १७) फाङदुवाली, १८) बान्तावा, १९) बाहिङ, २०) बुङला [बुङ्लावा], २१) बेलहरी [बेल्हारिया], २२) मुगाली, २३) मेबाहाङ, २४) याम्फू,

---

[७३]. हिज मेजेष्टिस गभर्न्मेण्ट, **पपुलेसन सेन्सस, २०५८** (काठमाडौं : नेशनल रिपोर्ट, नेशनल प्लानिङ कमिसन सेन्ट्रलन व्यूरो अफ स्टाटिष्टिक), वि. सं. २०५८, पृ. १

२५) लोहरुङ, २६) साम्पाङ, २७) साम र २८) सोताङ छन् ।[७४] यसमा भर्खरै थाहा पाइएको एक थर 'देवास' पनि थपिएको छ ।[७५] यसरी राईहरुको थर २९ पुगेको देखिन्छ ।

### उत्पत्तिसम्बन्धी अवधारणा

विभिन्न जातिहरुमा विभाजित राई समुदायमा आदिम पुर्खाका रुपमा प्रायः सबैले सुम्निमा र पारुहाङलाई नै मान्ने गरेको पाइन्छ । उनीहरु सुम्निमा र पारुहाङलाई किरात राईहरुका आदिम पुर्खा मात्र नभएर समस्त विश्व ब्रह्माण्ड, मानवलगायतका अन्य प्राणीहरुको सृष्टिकर्तासमेत मान्दछन् । यसरी साम्पाङ जातिले संसारको सृष्टिकर्ताको रुपमा मानेको पारुहाङको बस्ने स्थानलाई बुताङ्कु र खाने ठाउँलाई बोतुका यातुका भन्ने गरेको पाइन्छ ।[७६] यसरी तायादिनमा उत्पत्ति भएका सुम्निमा-पारुहाङको छोराले नागराजाकी छोरीसँग विवाह गरी उनैको सन्तानका रुपमा आफूहरु फैलिएको हो भन्ने विश्वास उनीहरुमा रहेको छ । यसैगरी उनीहरुले पछिल्लो समयमा आफूहरुलाई अधुनिकतातर्फ उन्मुख गराउने पुर्खाहरु तँःमा, खेमा र खचुलुप्पा (दिदी-बहिनी र भाइ) थिए भन्ने विश्वास गर्ने गरेको पाइन्छ । यी तँःमा, खेमा (दिदी-बहिनीहरु)ले त्यस समयमा विभिन्न सिपका कामहरु गरेका थिए । उनीहरुले लुगाकपडा बुन्ने जस्ता सिपका कामहरु गरी पछिका सन्ततिहरुलाई नयाँ ज्ञान दिलाएका थिए । साथै उनीहरुका माइति खचुलुप्पाले विभिन्न खेतीपाती गर्ने, सिकार खेल्ने र आफ्नो संस्कार-संस्कृतिको स्थापना गरेको विश्वास गर्दछन् । उनीहरुले यस्ता कार्य गरेर बसेको स्थानलाई साम्पाङहरुले जायजुम (जसलाई खस भाषामा मलाथुम्का भन्ने गरिएको छ) भन्ने गर्दछन् । कसैले तुवाचुङ त, कसैले टुवाचुङ पनि भन्ने गर्दछन् । तर, शब्द जे प्रयोग भए पनि यसको अर्थ तान बुन्ने डाँडा हो । यो स्थान हालको खोटाङ जिल्ला हलेसी गाविस वडा नम्बर १ मा पर्दछ । आदिम कालमा ती दिदी-बहिनी मानिएकाहरुले काम गरेका केही चिन्हहरु आज पनि त्यस ठाउँमा देख्न सकिन्छ र मुन्धुमविधिअनुसार धेरै प्राकृतिक कुराहरु मिलेको पनि देखिन्छ । यसलाई किरात राईहरुले आफ्नो उत्पत्तिकालको प्रमुख ऐतिहासिक स्थल पनि मान्दै आएका छन् ।

---

[७४]. कृष्ण राई, "किरात राई भाषाहरुको वर्तमान स्थिति र हाम्रो अपेक्षा," **निप्सुङ,** वर्ष-१३, अङ्क-२५, (२०६३) पृ. २७ ।

[७५]. किरात देवास राई उत्थान समाज नेपालका अध्यक्ष **आशमान देवास राई**सँगको वार्तामा आधारित ।

[७६]. वासपानी-४ निवासी कुवी **राजकुमार राई** (फुर्लामा, हाल स्वर्गीय)सँगको अन्तर्वार्तामा आधारित ।

यिनै पुर्खाहरुले किरात राईहरुलाई आधुनिकतातर्फ उन्मुख गराएका हुन् भन्ने प्रायः सबै किरात राईहरुमा विश्वास रहेको देखिन्छ । तर, भाषा तथा संस्कृति फरक भएका कारणले यी पुर्खाहरुको नाम पनि फरकफरक प्रकारको पाइन्छ । जस्तै पुमा राईहरुले 'सुम्निमा पारुहोङ, तोङ्यामा खियामा' र 'हेत्छाकुप्पा' भन्दछन्,[७७] खालिङले 'ग्रेन, लाजी र खाक्चलप', चाम्लिङले 'तयामा, खियतमा र खोकचिलिपा (रैछाकुले)', कुलुङले 'लोस, खेउ र खोक्चिलिप', लोहरुङले खोक्चिलिप्पा, खोक्चिलिप्मा र खाक्चुरुक्पा', बाहिङले 'जाउमा, खिङ्मा र होङ', मेवाहाङले 'खक्चुलुक्पा, वाम्बुलेमा खाक्चिलिपु' भन्ने गरेको पाइन्छ ।[७८] यस्तै आठपहरियाले 'निनिमा र खोक्चिलिपा',[७९] थुलुङले 'जाउ, ख्येउ, खक्चिलिप'[८०] भन्ने गरेको पाइन्छ । कोयी राईमा 'तमा, ख्यामा' (दिदी-बहिनी)को नाममा मात्र पाइन्छ भने माइतिको नाम देखिँदैन । बान्तावा राईमा 'टावामा/टाङ्वामा, खियमा/खिवामा र हेच्छाकुप्पा/ हेच्छाकुवा/छुइकुप्पा' भन्ने गरेको पाइन्छ ।[८१] यसरी आठपहरिया राई समाजमा एउटा चेलीको मात्र नाम पाइन्छ भने मेवाहाङ र वाम्बुलेमा माइतिको मात्र नाम पाइन्छ । यसको स्रोत कुबी, बिजुवा, ङोपाहरुसँग मौखिक ज्ञानका रुपमा हुने मुन्धुम हो । यसलाई उनीहरुले हिन्दूहरुको वेद, बौद्धहरुको त्रिपिटक, मुस्लिमहरुको कुरान, इसाईहरुको बाइबलसरह मान्ने गरेको बुझिन्छ । किरात राई समुदायमा मानव उत्पत्तिका बारेमा आफ्नै मान्यताहरु रहेको छ । राईहरुका कुवीहरुको भनाइ अन्य धर्मवालम्बीहरुको भन्दा फरक रहेको छ ।[८२]

---

[७७]. खोटाङ जिल्ला, दिप्लुङ-६ निवासी, **कल्पना पुमा राई**को भनाइमा आधारित ।

[७८]. भूपध्वज थोमरोस्, 'राई जाति र संस्कार' **गोरखापत्र दैनिक,** (चैत्र १३, २०६६), पृ. ७ ।

[७९]. धनकुटा जिल्ला, **इच्छापूर्ण राई** (आठपहरिया)को भनाइमा आधारित ।

[८०]. सोलुखुम्बु जिल्ला, देउसा-३ निवासी, **पाँचवीर थुलुङ राई**को भनाइमा आधारित ।

[८१]. चतुरभक्त राई, "तोमा, खेमा र खक्चिलिपु एक अनन्त नाम तुवाचुङ : पूर्वसाहित्यको एक समीक्षात्मक अध्ययन", **निप्सुङ,** वर्ष... ?, अंक ३०, (२०६७), पृ. ४४ ।

[८२]. कुबी **नीरकुमार राई**को कथन यस्तो छ- "... उनै परमपुर्खा पारुहाङ र सुम्निमाको इच्छाअनुसार नै यो पृथ्वीको उत्पत्ति भएको हो । त्यसपछि क्रमशः अन्य जीवहरुको पनि उत्पत्ति हुन थालेको हो । पृथ्वीको उत्पत्तिपछि क्रमशः हावा, पानी, पानीमा लेउ फिँज, माटो, धमिरा, गंगटा, भ्यागुतालगायतका अन्य जनावरहरुको पनि उत्पत्ति हुँदै गयो । यसैक्रममा संसारका एक स्थानमा पहिले दुइवटा च्याउ पलायो, त्यही च्याउ वायुमा उडेर आकाशमा गई 'बखतोमी' (घाम-जुन) बन्न गयो र उज्यालो प्रकासको पनि सृष्टि भयो । फेरि त्यही स्थानमा अर्को पनि च्याउ पलायो, त्यसलाई पनि वायु शक्तिले आकासमा उडाएर लग्यो र त्यहि नै तारामण्डलमा परिणत भयो । त्यसपछि सर्वप्रथम एउटा 'बखतसुँः' (रुख) उम्रियो । यसपछि पारुहाङको शक्तिले नै निनामा नायुमा शक्ति निक्लेर मानव उत्पत्ति हुन गयो । सर्वप्रथम उत्पत्ति हुने मानवको नाम 'नागेलुंमे' हो ।" यसपछि यिनको सन्तान नारिता, नारिताको सन्तान यारिता, यारिताको सन्तान नागरिता, नागरिताको सन्तान पतेसुँ र पतेसुँकै सन्तान खचुलुप्पा हुन्, जो किरात राईहरुकै आधुनिकतातर्फ उन्मुख गराउने आदिम पुरुष हुन् ।"

संसारकै पुरानो ग्रन्थ मानिएको ऋग्वेदमा उत्पत्तिकाल शून्यबाट सुरु भएको हो भनिएको छ । वेदअनुसार उत्पत्ति कालमा मृत्यु थिएन, अमृत थिएन, दिनको र रातको ज्ञान थिएन । हावारहित त्यो एउटा तत्व आफ्ना शक्तिद्वारा श्वास फेर्दथ्यो । त्यसभन्दा बाहेक अरु केही पनि थिएन । यसरी पहिलो सृष्टि एक प्रकारले कुनै पनि पदार्थरहित दैवी शक्तिबाटै भएको हो भन्ने अनुमान गरेको पाइन्छ ।[८३] यसरी हिन्दू मान्यताअनुसार संसारको सृष्टिकर्ताको रुपमा ब्रह्मा, विष्णु, शंकर, महादेव अनेक नामबाट चिन्ने गरेको पाइन्छ । किरातहरुले आफ्ना सृष्टिकर्ता मानेको पारुहाङ नै महादेव हो भन्नेहरु पनि छन् ।

**राई समुदायबीच अन्तरसम्बन्ध**

राई समुदायभित्र धेरै जातिहरु रहेको र त्यत्तिकै भाषा, धर्म तथा संस्कार-संस्कृतिहरु भए तापनि राईहरुबीच सामीप्यता पाइन्छ । किनभने, राई समुदायमा 'जति थर उति भाषा, एउटै चुल्हो एकै भान्सा' भन्ने उक्ति रहेको छ । यसले सबै जातिका राईहरुबीचको सम्बन्धलाई पुष्टि गर्दछ । यति मात्र होइन कि प्रायः सबै जातिका राईहरुले आफ्नो जातिबाहेकका अन्य राईहरुलाई सबैभन्दा असल कुटुम्बको संज्ञा दिएर वैवाहिक सम्बन्ध स्थापित गर्न रुचाउँछन् । यसर्थ जुनसुकै जातिका राईहरु भए पनि उनीहरु सांस्कृतिक सम्बन्ध र भावनात्मक रुपमा धेरै निकट रहेको पाइन्छ । भाषा, संस्कृति फरकफरक भए पनि एक जातिका राईले अर्का जातिका राईको भाषा, संस्कृतिलाई उत्तिकै आदर र सम्मान पनि गर्दछन् ।

**बसोबासका क्षेत्रहरु**

राई समुदायको बसोबास विशेषगरी नेपालको पूर्वी क्षेत्र भए पनि पश्चिमका धेरै जिल्लाहरुमा धेरैथोरै सङ्ख्यामा बसोबास भएको पाइन्छ । तर, राईहरुको सघन बसोबास माझकिरात क्षेत्रका ६ जिल्लाहरुमा रहेको छ । यसमा पनि खोटाङ जिल्लाको वासपानी, खार्तम्छा, खार्मी, पाथेका, बाक्सिला, सुङदेल, चिप्रिङ, नेर्पा, हलेसी महादेवथान, दुर्छिम, चिसापानी, बुइपा, डिकुवा, च्यास्मी, अर्खौलेलगायतका गाविसहरुमा राईहरुको अधिक बसोबास पाइन्छ । यस्तैगरी ओखलढुङ्गा जिल्लाको मोली, ऐसेलुखर्क, राँगादिप, गैरीगाउँ, रातमाटे गाविसहरुमा; उदयपुर जिल्लाको गाईघाट, बसाहा, बेलटार, मैनामैनी,

---

[८३]. गौतम, **पूर्ववत्,** (पादटिप्पणी सङ्ख्या-३३), पृ. ३३४२ ।

रामपुरलगायत ३४ गाविसहरुमा राईहरुको बाक्लो बसोबास पाइन्छ । यस्तै भोजपुर जिल्लाको ठूलो दुम्मा, सानो दुम्मा, चम्पे, बालंखा, हतुवा, घोडेटार, दिल्पा, छिनामाखु, कोट गाविसहरुमा; सोलुखुम्बु जिल्लाको मुक्ली, सल्यान, बतासे, बेतघारी, तिङ्ला, पञ्चन, काँगेल, देउसा, जुवु, काँकु, पावै, जलेश्वरी, महेश्वरी, जिमीगाउँ, डाँडाखर्क, छेस्काम गाविसहरुमा र संखुवासभा जिल्लाको सभाखोला उत्तरीभेगतिर विशेष गरी ताम्कु, सिसवा, बाला, माङ्तेवा, याफु, मच्छेपोखरी, मकालु, दिदिङ गाविसहरु र खाँदवारी नगरपालिका क्षेत्रमा राईहरुको बसोबास रहेको छ ।

### ३.५.२ साम्पाङ जातिको उत्पत्ति र शाब्दिक अर्थ

किरात राई समुदायभित्र पर्ने छुट्टै भाषा, संस्कृति भएको एक जाति साम्पाङ हो । यिनीहरुको उत्पत्तिसम्बन्धमा आधिकारिक धारणा पाउन सकिएको छैन । यसबारेमा जानकारी दिने केही मिथक तथा धारणाहरु साम्पाङ समाजमा प्रचलित छन् । जो निम्न प्रकार छन् :

**क) सुम्निमा-पारुहाङका सन्तान**

स्व. राजकुमार राईको भनाइ यस्तो छ- तायादिनमा सम्पूर्ण ब्राह्मण्डको सृष्टि नभएको अवस्थामा अचानक बादल जस्तो निक्लँदै-हराउँदै गर्न थाले जसलाई रुमाहाङ भनिन्थ्यो । उनै रुमाहाङले यो पृथ्वी, घाम, जुन, तारामण्डलको सृष्टि गरे । यसपछि संसारमा पहिले हावापानी, वनजङ्गल, अन्य जीवजन्तुहरुको सृष्टि गरे । यसैले गर्दा उनलाई पारुहाङ नाम दिइयो । अन्य जीवहरुपछि मानव सृष्टि गर्ने इच्छाअनुसार उनले सक्सलेमाकी छोरी सुम्निमासँग विवाह गरी संसारमा पहिलो मानव उत्पत्ति गराएका थिए । यिनैका सन्तानको रुपमा हामी फैलिएका हौं ।[८४]

**ख) खचुलुप्पाको सन्तान**

अर्को भनाइअनुसार हाम्रो पहिलो पुर्खा सुम्निमा र पारुहाङ हुन् । उनैका सन्तानमध्ये पतेसुँ र दिलिबुँमको सन्तान तँःमा, खेमा (दिदी-बहिनी) र खचुलुप्पा (भाइ) थिए । यिनीहरुले नै हामीलाई आधुनिकतातर्फ डोऱ्याएर यहाँसम्म ल्याएका हुन् । यिनै तँःमा

---

[८४]. वासपानी-४ का कुवी **राजकुमार राई** (हाल स्वर्गीय)सँगको अन्तर्वार्तामा आधारित ।

र खेमा (दिदी-बहिनी)ले आफ्ना सन्ततिलाई कपडा बुन्ने पनि सिप सिकाएका थिए । यसैगरी उनीहरुका भाइ खचुलुप्पाले सिकार खेल्न, खेतीपाती गर्ने ज्ञान दिएका हुन् । खचुलुप्पा स्वयं धेरै ज्ञान, मन्त्रतन्त्र जान्ने नागरे कुवी थिए र उनैले पछिका पिँढीलाई मुन्धुम सिकाएका हुन् । यिनै तँःमा, खेमा र खचुलुप्पाले दिएको ज्ञानअनुसार नै आजसम्म हाम्रो जीवन-संस्कार चलेको छ । उनीहरुको बासस्थान हालको खोटाङ जिल्ला हलेसी गाविस वडा नम्बर १ मा पर्दछ ।[८५] यो स्थान केही अग्लो डाँडामा भएकाले यसलाई मालाथुम्का (दिदी-बहिनी डाँडा) भनिन्छ । तर, किरात राई जातिले यसलाई तुवाचुङ, टुवाचुङ भन्ने गर्दछन् (चित्रफलक नं. ७, ८, ९, १०) ।

### ग) खिलुङ्मी लङ्गुङ्मीका सन्तान

परम्परागत भनाइअनुसार पुर्खाका सन्तानहरु फैलँदै जाने क्रममा पछिल्लो पिँढीका पुर्खाहरु नेवला (तराई), थारुहँ, बजिहँ हुँदै हालको खोटाङ जिल्लाको दिक्तेलमा आई बसोबास गरेका थिए । त्यहाँ अर्का समूह (हालका चाम्लिङहरु) सँग आफ्नो मूलभूमिको विषयमा ठूलो विवाद हुन गयो । यी दुवैबीच विवाद बढ्दै गयो ।

स्थानीय भनाइअनुसार चाम्लिङको तुलनामा साम्पाङ राईहरु अलि सोझो प्रकृतिका थिए । साम्पाङ राईहरु परम्परागत स्थान छोडेर अन्यत्र जानुपर्ने कारणबारे यस्तै अर्को मिथक पनि प्रचलनमा छ । प्रचलित एक भनाइअनुसार चाम्लिङ राईहरुले षड्यन्त्र रचे । यसअनुसार उनीहरुले बाँसको टुप्पोमा कसैले नदेख्ने गरी ढुङ्ग्रोमा पानी राखे र भुइँमा पनि लहाँचे चराको बच्चा गाडेर राखेका थिए । दुवैतर्फका धामीहरुले आफ्नो कला देखाउन थाले । मुन्धुमलाई माध्यम बनाएर चाम्लिङले आफ्नो बाँस हल्लायो । त्यसबाट पानी झर्‍यो र चरा पनि करायो । यसैगरी साम्पाङ कुबी (धामी)हरुले आफ्नो बाँस हल्लाए तर पानी झरेन, भुइँबाट चराको आवाज पनि आएन । यसरी चाम्लिङहरुले आफू विजयी भएको घोषणा गरी साम्पाङ पुर्खाहरुलाई अन्तै जान बाध्य पारे ।[८६]

---

[८५]. वासपानी-५ का **देवानसिं राई** (वर्ष ७६,हाल स्वर्गीय)सँगको अन्तर्वार्ताअनुसार "तँमा, खेमाले विभिन्न शिपका कुराहरु सिकेर बसेको भनिएको स्थान खोटाङ जिल्ला हलेसी गाविस वडा नम्बर १ स्थित तँतुका डाँडा कसैले तुवाचुङ, मलाथुम्का आदि भनिने स्थान हो ।"

[८६]. स्थानीय साम्पाङ समाजमा रहेको लोककथामा आधारित ।

चाम्लिङहरुसँग बाजी हारेपछि त्यो स्थान छाडेर आजभन्दा सयौं वर्षअघि साम्पाङका पुर्खाहरु आफ्नो 'खुवालुङ खोकलुङ' (उपयुक्त स्थान)[८७] खोज्न हिँडे, (चित्रफलक नं. ११, १२ । त्यस क्रममा उनीहरुका पुर्खा **खिलुङ्मी लङ्गुङ्मी**ले हालको सगरमाथा अञ्चल, खोटाङ जिल्लाअन्तरगत रावाखोला र ताप्खोला क्षेत्रको खोक्मा (हालको वासपानी गाविस वडा नम्बर ९)मा उडेर आउँदा खुवालुङ खोकलुङ देखेर त्यहाँ आई चप्लेटी ढुङ्गामा पहिलो पाइला राखेका थिए । त्यस ढुङ्गामा टेक्दा उनको पाइलाको छाप बसेको थियो तर, अहिले खेतीपातीको कारणले त्यो ढुङ्गा पुरिएकाले सजिलै देख्न सकिँदैन । यही पाइला रहेको ढुङ्गालाई आफ्नो भाषामा 'साम्फालुङ' (साम्फा=पाइला, लुङ=ढुङ्गा) भनियो । यही साम्फालुङवरिपरि बसेपछि यसैको नामबाट अपभ्रंश हुँदै गएर हाम्रो जाति पनि 'साम्पाङ' हुन गएको हो ।[८८] यिनै खिलुङ्मी लङ्गुङमीको पालादेखि खाँदै आएको भनिएको पानीको कुवा आज पनि देख्न सकिन्छ[८९] (चित्रफलक नं. १३) । यही स्थानबाट यो जातिका सन्तानहरु हालको उल्लिखित चार गाविसहरुमा फैलिएर रहेका हुन् (चित्रफलक नं. १४, १५, १६) । यस क्षेत्रमा रहेको स्थानीय भाषामा रेवा, रमुना भनिने रावाखोला र ताप्खोला मुख्य रहेका छन् (चित्रफलक नं. १७) ।

यस्तै खुवालुङ खोकलुङ भनिने दुईवटा भाले र पोथी मानिएको ढुङ्गा पनि आजसम्म छँदैछ । त्यस इलाकामा साम्पाङहरुले स्वतन्त्र राज्य सञ्चालन गरी बसेको र गोरखाका राजा पृथ्वीनारायण शाहको राज्य एकीकरणमा आफ्नो राज्य समाप्त भएको भनाइ पाइन्छ । यसअनुसार तत्कालिन समयमा साम्पाङ राईका अन्तिम राजाको रुपमा चतुरघना बसोबास गर्ने स्थान मानिएको क्षेत्र खार्तम्छा गाविस वडा नम्बर ३ स्थित हँकुरीया डाँडा भनिने स्थानमा ढुङ्गामा विभिन्न हातहतियारहरुका चिन्हहरु अझै पनि देख्न सकिन्छ[९०] (चित्रफलक नं. १८, १९) । उनलाई गोरखाली सेनाले सिद्धिथुम्का डाँडामा हत्या गरेका थिए । दाजुको हत्या भएको देखेपछि उनका तीन बहिनीहरु सावित्रा, पवित्रा र त्रिपागन्नेले पनि आत्महत्या गरेका थिए । पछि त्यही स्थानमा चतुरघना राजा सिद्धबाजेको नामबाट उत्पन्न भएको र

---

[८७]. साम्पाङ मिथकअनुसार खुवालुङ खोकलुङ (भाले-पोथी मानिएको ढुङ्गा) आज पनि सहज रुपमा देख्न पाइन्छ र उनीहरुले यसलाई समयसमयमा पूजा गर्ने गरेका छन् ।

[८८]. कुवी स्व. **राजकुमार राई**को भनाइमा आधारित ।

[८९]. स्थानीय भनाइअनुसार आदिकालदेखि खानेपानीको रुपमा प्रयोग गरिएको भनिएको कुवा आज पनि देख्न सकिन्छ ।

[९०]. **चतुरघना** राजा बस्ने स्थान भनिएको हँकुरीया डाँडामा केही चिन्हहरु अझै रहेको छ ।

तीन बहिनी चेलीहरुको नामबाट थानी देवी उत्पन्न भएको भनिन्छ । यस ठाउँमा अहिले पनि साम्पाङ राईहरुले उभौली र उधौलीमा वर्षको दुईपटक पूजा गरी पुर्खाबाट आशिर्वाद माग्ने गरेको पाइन्छ[९१] (चित्रफलक नं. २०, २१) ।

यी विभिन्न मिथक तथा धारणाहरुले साम्पाङ राईहरुको वास्तविक उत्पत्तिबारे खासै बताउँदैनन् । विशेषगरी नेपाल र पूर्वी भारत तथा भुटानसम्म बसोबास गर्ने समूहहरु, वर्णव्यवस्था र मानवव्यवस्थाको मूल्यमान्यताभित्रका विभिन्न जातीय समूहहरुको विकासक्रम, पूर्वी नेपालको जातीय इतिहास र स्वरुप, सामाजिक संरचना, सङ्गठनजस्ता विभिन्न क्षेत्रहरुको अध्ययनबाट साम्पाङ राईहरुको इतिहास र परम्परागत संस्कारबारे थोरै भए पनि जानकारी पाइएको छ ।

### ग) साल्पाहाङका सन्तान

प्राचीन समयमा हालको खोटाङ, भोजपुर र सोलुखुम्बु जिल्लाको सिमानामा पर्ने 'सालपा' (धार्मिक स्थल)मा सल्पाहाङ (साल्पाको राजा) बस्दथे । उनका सन्तानलाई साल्पाहाङको सन्तान भनिन्थ्यो । पछि 'साल्पाहाङको सन्तान' भन्दाभन्दै यही शब्दबाट 'साम्पाङ' जाति हुन गएको कुरा स्व. तीर्थबहादुर राईको भनाइ छ[९२] (चित्रफलक नं. २२) । साल्पा एउटा धार्मिक स्थल हो । यस स्थानमा विशेष गरी भदौरे पूर्णिमा, कार्तिके पूर्णिमा, मंसिरे पूर्णिमा र बैसाखे पूर्णिमाको समयमा हजारौं कुबी, धामी, झाँक्रीलगायत धार्मिक आस्थावान व्यक्तिहरु गएर पूजापाठ गरी आशिर्वाद माग्ने गरेको र यहाँ गएर आफूले इच्छाएको कुरा माग गरेमा पूरा हुन्छ भन्ने धार्मिक विश्वास रहेको छ ।

### ङ) उत्पत्तिसम्बन्धी धारणाहरुको मूल्याङ्कन

उल्लिखित विभिन्न धारणाअनुसार साम्पाङ राई जाति पूर्वी नेपालको पहाडी क्षेत्रको प्राचीन जाति भएको पुष्टि हुन्छ । यिनीहरुलाई कसैले हिन्दू वर्णव्यवस्थामा आधारित क्षेत्रीय आर्य समूहमा र कसैले वैश्यमा समावेश गरेका छन् । तर, उनीहरु स्वयंमा भने यस्ता वर्णव्यवस्थाको मान्यता पाइँदैन । उनीहरु हिन्दू वर्णव्यवस्थाभित्र पर्ने जाति होइनन् । उनीहरुलाई कतै आर्य र कतै अनार्य जातीय समूहभित्र राख्ने गरिएको छ । नेपालमा मात्र

---

[९१]. **चतुरघना** र उनका तीन **चेलीहरु**को मृत स्थानमा रहेको मन्दिरमा आज पनि साम्पाङहरु वार्षिक पूजा गर्दछन् ।

[९२]. लेलेप-४, ताप्लेजुङका **तीर्थ बहादुर राई** (हाल स्वर्गीय)को भनाइमा आधारित ।

नभएर भारतका विभिन्न भागहरुमा किरातहरुको बसोबास भएको प्राचीन ग्रन्थहरुमा उल्लेख छ । यसबारे माथि चर्चा भइसकेको छ । यो जाति पहिला सिकारी जीवन गुजारा गर्ने भनिए पनि पछिल्लो समयमा कृषि पेशामा संलग्न रहेको देखिन्छ । आरम्भमा किरात र पछि राजाको रुपमा आएको राई शब्दबाट जातिहरुको समूह बनेको देखिन्छ । तर, उनीहरु यति धेरै जातिमा कसरी विकसित हुन गए ? अनि यिनीहरु कहिलेसम्म एउटै जातिका रुपमा रहे ? भन्ने जस्ता विभिन्न प्रश्नहरुमा कसैको पनि मतैक्य पाइँदैन । कतिपय जानकार व्यक्तिहरुका अनुसार प्राचीन कालमा आफ्नो जातीय क्षेत्रभित्र आफ्नो स्वतन्त्र राज्य सञ्चालन गर्ने भएकाले यस्ता धेरै भाषा, संस्कृतिहरुको विकास हुन गएको हो ।

नेपालका साम्पाङ राई जातिको यकिन जनसङ्ख्या थाहा नभए पनि करिब ३० हजार भएको अनुमान छ । राष्ट्रिय जनगणना-२०५८ ले साम्पाङ भाषा बोल्नेको सङ्ख्या १०,८१० देखाएको छ तर यो सङ्ख्या साम्पाङ भाषा बोल्नेहरुको मात्र भएकोले भाषा बोल्नेभन्दा नबोल्नेहरुको सङ्ख्या बढी रहेका कारण यस्तो अनुमान गर्न सकिन्छ । जातीय समानताका आधारमा साम्पाङ राई समानता देखाउने धेरै समूह, जातिहरु छन् । पूर्वी नेपाल र अन्यत्रको इतिहास अध्ययनबाट नेपालमा किरातहरुको बसोबास ई.पू. १५०० भन्दा अगाडिदेखि नै भएको अनुमान गर्न सकिन्छ । यसको आधार पूर्वी नेपालको भारतका विभिन्न राज्यहरु विहार र पश्चिम बङ्गालसँग सम्बन्ध हुनु, विभिन्न जातजाति र समूहहरुबीचको समानता र सम्पर्क हुनुजस्ता कुराहरु हुन सक्दछन् । पृथ्वीनारायणको एकीकरणपूर्वसम्म आफ्नो स्वतन्त्र राज्यव्यवस्था भएको भनिएको यो जातिमा एकीकरणपछिको राजनीतिक प्रभावले ठूलो परिवर्तन ल्याएको बुझिन्छ । यसले ठूलो सङ्ख्यामा साम्पाङ राईहरु अन्यत्र विस्थापित भएका र कृषिलगायतका अन्य विभिन्न पेशामा आवद्ध हुनुका कारण उनीहरुको सामाजिक र सांस्कृतिक जीवनमा परिवर्तन देखिनु स्वभाविकै हो ।

### ३.५.३ साम्पाङ राई जातिको बसोबास क्षेत्र

किरात साम्पाङ राई जातिको पुरानो थलो र बाहुल्यता क्षेत्र खोटाङका उल्लेखित चार गाविसहरुलाई मानिन्छ । यस्तै भोजपुर जिल्लाको भैसीपंखा, तिम्मा, साम्पाङ गाविसहरु र उदयपुर जिल्लाको बसाहा, रामपुर, गाईघाट क्षेत्रहरुलाई साम्पाङ राईहरुको अधिक बसोबास भएका क्षेत्र मानिन्छन् । यसअतिरिक्त यिनीहरु ताप्लेजुङ, पाँचथर, इलाम, झापा,

सुनसरी, मोरङ, धनुषा, काठमाडौं, ललितुर र पश्चिम दार्चुला जिल्लाहरुमा समेत छरिएर रहेको पाइन्छ । नेपालबाहिर भारतको सिक्किम, दार्जीलिङ, आसाम, मणिपुरतिर पनि केही सङ्ख्यामा रहेको बुझिन्छ । यसैगरी हाल बेलायतले पनि सैनिक सेवाका गोर्खालीहरुलाई आफ्नो देशमा बस्न दिने नीति ल्याएपछि त्यहाँ पनि यो जातिको बसोबास हुन थालेको पाइएको छ ।

### ३.५.४ साम्पाङ जातिको जनसङ्ख्या

अध्ययन क्षेत्र मानिएको उल्लेखित चार गाविसहरुमा बसोबास गर्ने साम्पाङ राई जातिको जनसङ्ख्या अन्य जातिहरुको भन्दा बढी रहेको देखिन्छ । उमेरअनुसारको तथ्याङ्क हेर्दा बालबच्चादेखि वृद्धवृद्धाहरुको जनसंख्या जम्मा १०५५ रहेको देखिन्छ । समग्रमा यो अध्ययन क्षेत्रका साम्पाङ राईहरुको जनसङ्ख्या उमेरअनुसार निम्न प्रकार रहेको छ :

**अध्ययन क्षेत्रका साम्पाङ राईजातिको जनसङख्या**

| मेर समूह | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| ०-४ वर्ष | १,१९७ | १,१६१ | २,३५८ | २३.४६ |
| ५-१४ वर्ष | १,०३६ | १,००३ | २,०३९ | २०.२७ |
| १५-२९ वर्ष | १,०२४ | ९९८ | २,०२२ | २०.१२ |
| ३०-४९ वर्ष | ९८९ | ९९० | १,९७९ | १९.६८ |
| ५० वर्षदेखि माथि | ७९२ | ८६५ | १,६५७ | १६.४७ |
| कूल संख्या | ५,०३८ | ५,०१७ | १०,०५५ | १०० |

स्रोत : स्थलगत अध्ययनमा आधारित ।

यो समाजमा चार वर्षसम्मका बालबिलकाहरुको सङ्ख्या सबैभन्दा बढी देखिए पनि यो समाजमा बाल मृत्युदर केही बढी रहेको देखिन्छ । यसैगरी ५० वर्षभन्दा माथिका बृद्धबद्धाहरुको सङ्ख्या सबैभन्दा कम रहेको पाइन्छ । पाको उमेरको जनसङ्ख्या कम हुनु र

बालमृत्युदर बढी हुनुको प्रमुख कारण विभिन्न रोगहरुबारे चेतनाको अभाव र स्वास्थ्य केन्द्रको पहुँच नहुनु देखिन्छ ।

यसरी साम्पाङ राईहरुमा शिशु जन्मदर पुरुषभन्दा महिलाहरुको बढी देखिन्छ । उमेरअनुसार ०-४ वर्षसम्मका सङ्ख्य सबैभन्दा बढी २३.४६ प्रतिशत देखिन्छ । तर, ती बालबालिकाहरुमध्ये ५ वर्ष पार गर्नुभन्दा अगाडि नै धेरैको मृत्यु हुने गरेको देखिन्छ । यसैगरी यो जातिमा पुरुषभन्दा महिलाको सङ्ख्या केही बढी देखिन्छ । यसमा छोराको चाहना गर्दा छोरीहरुको जन्मदर बढेको बुझिन्छ । यसैगरी ५-१४ वर्षका युवायुतिहरुको सङ्ख्या २०.२७ प्रतिशत, १५-२९ वर्षको २०.१२ प्रतिशत, ३०-४९ वर्षको १९.६८ प्रतिशत र ५० वर्षमाथिका बृद्धबृद्धाहरुको सङ्ख्या १६.४७ रहेको देखिन्छ ।

यद्यपि महिलाहरुको विवाहपछि विशेष गरी २०-२५ वर्षपछि महिलाहरुको मृत्युदर पुरुषको दाँजोमा बढी देखिन्छ । यसो हुनुमा सुरक्षित सुत्केरी हुन नसक्नु, सुत्केरी अवस्थामा राम्ररी स्याहारसुसार नपुग्नु र स्वास्थ्यमा संक्रमण भई अनेक रोगको सामना गर्न नसक्नु रहेको पाइन्छ । यसैगरी करिव ५० वर्षदेखि माथिका महिला-पुरुष दुवैमा मृत्युदर निकै बढी हुने गरेको पाइन्छ । यसो हुनु पनि गाउँनजिकमा स्वास्थ्य केन्द्रहरु नहुनु र कुनै पनि रोगको उपचार पाउन नसक्नु नै रहेको देखिन्छ ।

**३.५.५ सामाजिक र शैक्षिक स्थिति**

राई समुदायका साम्पाङ जातिको घरबस्तीहरु सामान्य प्रकारको र टाढाटाढा छरिएर रहेको देखिन्छ । पहिलेपहिले यो जाति वृहत् परिवारमा बस्ने गरेको देखिन्छ । तर, समयको परिवर्तनसँगै उनीहरुको पारिवारिक बसाइँ पनि बदलिँदै गएको देखिन्छ । उनीहरु संयुक्त परिवारबाट एकल परिवारमा रुपान्तरित भएका छन् ।

घरहरु भुइँतलेदेखि तीन तलेसम्म छन् । ती ढुङ्गा, माटो, काठ र बाँसहरु प्रयोग गरेर बनाइएका हुन्छन् । तर, अहिले बाह्य प्रभाव, निर्माण सामग्रीको सुलभताले गर्दा आधुनिक शैलीतिर आकर्षित भएका देखिन्छन् । यसले उनीहरुको परम्परामा केही प्रभाव पारेको देखिन्छ ।

साम्पाङ जातिमा शिक्षाको विकास सामान्य अवस्थामा रहेको पाइन्छ । साक्षरता लगभग ६० प्रतिशतजति रहेको भए पनि उच्चशिक्षा हासिल गर्नेहरुको सङ्ख्या अत्यन्त न्यून

छ । तर, हाल उल्लेखित क्षेत्रहरुमा अहिले आएर माध्यामिक विद्यालयजस्ता शैक्षिक संस्थाहरु सञ्चालनमा रहेकाले साक्षरता प्रतिशत वद्धि हुने देखिन्छ ।

वर्तमान अवस्थामा चेतना, अन्य जाति र सहरीया समाजको प्रभावले गर्दा साम्पाङ राई बालबालिकादेखि युवायुवतिहरुसम्म शिक्षा हासिल गर्नेतर्फ आकर्षित हुँदै गएको देखिन्छ । साम्पाङ राईहरुमा प्राथमिकदेखि उच्च तहसम्मको शिक्षा हासिल गर्नेहरुको सङ्ख्या ३,०१६ जति पाइएको छ । जसअनुसार कक्षा १-३ सम्म ३५ प्रतिशत, कक्षा ४-७ सम्मका ३० प्रतिशत, कक्षा ८-१० सम्मका १५ प्रतिशत रहेको देखिन्छ । यसैअनुसार प्रवेशिका तह उत्तीर्ण गर्नेको सङ्ख्या १२ प्रतिशत, प्रमाणपत्र तह उत्तीर्ण गर्ने ५ प्रतिशत, स्नात्तक तह उत्तीर्ण गर्नेहरु २.५ प्रतिशत र स्नात्तकोत्तर तह उत्तीर्ण गर्नेहरु ०.५ प्रतिशत मात्र रहेको पाइन्छ ।

**अध्ययन क्षेत्रका साम्पाङ राईजातिको शिक्षाको स्थिति**

| कक्षा / तह | | | प्रवेशिका उत्तीर्ण | प्रमाणपत्र तह उत्तीर्ण | स्नातक तह उत्तीर्ण | स्नातकोत्तर तह उत्तीर्ण | छात्रको सङ्ख्या | छात्राको सङ्ख्या | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १-३ | ४-७ | ८-१० | | | | | | | |
| १०५६ | ९०५ | ४५२ | ३६२ | १५१ | ७५ | १५ | १६२९ | १३८७ | ३०१६ |

स्रोत : २०६५ साल मंसिरमा स्थलगत अध्ययनबाट लिएको तथ्याङ्कमा आधारित ।

कक्षा १ मा भर्ना हुनेको सङ्ख्या निकै बढी देखिए पनि माथिल्ला कक्षा र उच्च तहमा कम हुँदै गएको देखिन्छ । यसो हुनुको पहिलो कारण आर्थिक अवस्था कमजोर हुनाले विद्यालय जानुभन्दा पनि आफ्ना अभिभावकहरुलाई घरको काममा सहयोग गर्नुपर्ने बाध्यता देखिन्छ । अर्को समस्या बेरोजगारी हो । साम्पाङ राईहरु नगन्य मात्रामा सरकारी र केही गैरसरकारी सेवामा रहेका छन् ।

### ३.५.६ अध्ययनक्षेत्रमा बसोबास गर्ने अन्य जातिहरु

अध्ययनक्षेत्रमा साम्पाङ राई जातिलगायत अन्य समूहहरुको पनि बसोबास रहेको छ । यस क्षेत्रमा ब्राह्मण, क्षेत्री, तामाङ, गुरुङ, शेर्पा, सन्यासीलगायत कामी, दमाई, सार्की आदि व्यवसायिक समूहहरुसमेतको मिश्रित बसोबास रहेको पाइन्छ । यी जातिहरुको बसोबास एकै ठउँमा नभएर छरपस्ट मिसिएर रहेको अवस्था छ । यस क्षेत्रको जातिगत सामाजिक संरचनालाई निम्न प्रकारको देख्न सकिन्छ :

**अध्ययनक्षेत्रमा बसोबास गर्ने अन्य जातिहरु**

| क. सं. | जाति | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | साम्पाङ राई | १०,०५५ | ७३.३७ |
| २. | व्यावसायिक समूह | १,१२८ | ८.२३ |
| ३. | सन्यासी | ४९६ | ३.६२ |
| ४. | क्षेत्री | ४८७ | ३.५६ |
| ५. | गुरुङ | ४४७ | ३.२६ |
| ६. | तामाङ | ४०२ | २.९३ |
| ७. | बाहुन | २६७ | १.९४ |
| ८. | शेर्पा | २४२ | १.७७ |
| ९. | अन्य जाति | १८२ | १.३२ |
| | कुल जनसङ्ख्या | १३,७०६ | १०० |

स्रोत : स्थलगत अध्ययनको क्रममा खोटाङ जिल्ला विकास समितिको कार्यालयबाट संकलित विवरण ।

यस क्षेत्रमा राई, लिम्बू, क्षेत्री, बाहुन, शेर्पालगायतका जातिहरुको बसोबास रहेका छन् । यो क्षेत्रका कुल जनसङ्ख्या १३,७०६ रहेको र सबैभन्दा बढी जनसङ्ख्या साम्पाङ

राईहरुको रहेको पाइन्छ । यो जातिको जनसङ्ख्या जम्मा १०,०५५ अर्थात् कुल जनसङ्ख्याको ७३.३७ प्रतिशत रहेको देखिन्छ भने सबैभन्दा कम सङ्ख्यामा कामी, दमाई जस्ता व्यवसायिक समूहका जातिहरु रहेका छन् ।

**सारांश**

यो अध्ययनक्षेत्रले समेटेको नेपालको पूर्वाञ्चल क्षेत्रको खोटाङ जिल्लाअन्तर्गतका चार गाविस माझकिरातअन्तरगत पर्दछ । आफ्नै भाषा, धर्म तथा संस्कार रहेको किरात राई समुदायअन्तरगत पर्ने साम्पाङ राईहरु पनि पृथ्वीनारायण शाहको राज्य एकीकरणपूर्वसम्म आफ्नै राज्यव्यवस्थामा आवद्ध रहेको बुझिन्छ । किरात शब्दको उत्पत्तिबारे मौखिक रुपमा फरकफरक कुराहरु आए पनि लिखित रुपमा वैदिककालबाटै अस्तित्वमा आएको देखिन्छ जुन कुरा विभिन्न वेद, पुराण, रामायण, स्मृतिलगायतका पुस्तकहरुबाट देखिन्छ । विशेष गरी जंगलमा बासोबास गर्ने तथा नदीकिनारतिर बस्ने भनेर बुझाउने किरियट शब्दबाट किरात जातिको नामकरण भएको बुझिन्छ । मध्यएसियामा उद्गमस्थान मानिएको यो जातिबाटै पछिका दिनमा राई जातिको पनि उत्पत्ति भएको बुझिन्छ । सुरुमा राजा अर्थात् शासकको पदवीलाई सम्बोधन गर्न प्रयोग गरिएको 'राई' शब्द किरातहरुमा मात्र नभएर पश्चिमका खस-मल्लहरुमा पनि राजाको अर्थमा प्रयोग भएको पाइन्छ । पछिल्ला दिनहरुमा यो 'राई' शब्द थुप्रै समुदायलाई बुझाउने साझा शब्द बन्न पुगेको छ । यिनैमध्येको साम्पाङ राई जाति उनीहरुको उत्पत्ति सुम्निमा र पारुहाङबाट भएको विश्वास गर्दछन् । उनीहरु आफूलाई उनै सुम्निमा र पारुहाङका पछिल्ला पिंढीका तँमा, खेमा र खचुलुप्पा हुँदै साल्पाहाङका सन्तान मान्छन् । अध्ययनक्षेत्रको वासपानी गाविसको खोक्मा भन्ने स्थानमा खुवालुङ खोकलुङ खोजी आउने खिलुङ्मी लङ्गुङ्मीको समयदेखि आफूहरु साम्पाङ जातिको रुपमा परिचित भएको विश्वास यो जातिमा रहेको छ ।